यो ठाउँ नियमित
विज्ञापनका लागि
खाली छ ।
सम्पर्क : ०६१-५३९४५५

राष्ट्रिय दैनिक
# गोल्डेन न्यूज
Golden News National Daily

वर्ष १ अंक ६५ श्रेणी 'क' २०७३ मंसिर २० गते सोमबार 5 Dec. 2016 पृष्ठ ४ मूल्य रू. ५/-

यो ठाउँ नियमित
विज्ञापनका लागि
खाली छ ।
सम्पर्क : ०६१-५३९४५५

## ट्रकको ठक्करबाट एकको मृत्यु, एक घाइते

### आफन्त आक्रोशित, दोषीलाई कार्वाही नभएसम्म शव नबुझ्ने

गोल्डेन न्यूज संवाददाता
पोखरा १९ मंसिर ।

पोखरामा आईतवार विहानै ट्रकको ठक्करबाट मोटरसाईकल चालकको ज्यान गएको छ । पोखराको चाइना पुलमा ट्रकको ठक्करबाट मोटरसाईकल चालक १९ बर्षीय युवकको ज्यान गएको ट्राफिक प्रहरी कार्यालय कास्कीले जनाएको छ ।

बिहान ६ बजे बबुद्धचोकबाट पृथ्वीचोक तर्फ आउँदै गरेको ग१ख ४३८५ नम्बरको ट्रकले सोहि दिशाबाट आउदै गरेको ग२प १०६६ नम्बरको मोटरसाईकललाई ठक्कर दिदा चालक पोखरा १५ खाल्टे मसिना बस्ने बर्ष १९ का अशिम गुरुङको ज्यान गएको हो । दुर्घटनामा गम्भीर घाईते उनको उपचारको क्रममा गण्डकी मेडिकल कलेजमा विहान ७ बजेर १० मिनेटमा ज्यान गएको हो । दुर्घटनामा मोटरसाईकल पछाडि बस्ने रोशन गुरुङ घाइते भएका छन् । ठक्कर दिने ट्रकलाई नियन्त्रणमा लिएपनि चालक फरार रहेको प्रहरीले जनाएको छ ।

यसैबीच ट्रकको ठक्करबाट मृत्यु भएका अशिम गुरुङका परिवार र आफन्तले दोषीलाई कारवाही नगरी शव नबुझ्ने बताएका छन् । दोषीलाई प्रहरीले पक्राउन गर्न नसकेकोमा गुरुङका आफन्तहरु आक्रोशित समेत बनेका छन् । माझठाना-४, बित्यानी स्थायी घर भइ हाल पोखरा-१८ छिनेडाडा बस्ने १९ बर्षिय असिम गुरुङलाई आइतबार विहान ६ बजे बुद्धचोकबाट पृथ्वीचोकतर्फ आउदै गरेको ग१ख ४३८५ नम्बरको ट्रकले सोहि दिशाबाट आउँदै गरेको ग२प १०६६ नम्बरको मोटरसाईकललाई ठक्कर दिएर ज्यान गएपछि आफन्तहरु शोकमा डुबेका छन् । मृतक गुरुङका आफन्तले जानकारी दिएअनुसार पोखरा युनाइटेडमा कक्षा १२ मा अध्ययन गर्ने अशिम कलेज आउँदै थिए । ठक्कर दिने ट्रक र सवारी धनीलाई नियन्त्रणमा लिएपनि चालक भने अझै फरार रहेको प्रहरीले जनाएको छ ।

यसैगरी मृतक अशिमका आफन्तले दोषीलाइ कारबाही हुनुपर्ने माग सहित जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्ता गरेका छन् । दोषीलाइ यथाशीघ्र पक्राउ गरि कार्वाही गरि उचित्र क्षतिपूर्ति दिनुपर्ने लगायतका माग राखेका छन्। मृतक गुरुङको शवलाइ पोष्टमार्टमका लागि पश्चिमाञ्चल क्षेत्रीय अस्पलातमा राखिएपनि मृतकका आफन्तले शव नबुझ्दा पोष्टमार्टम हुन नसकेको प्रहरीले जानकारी दिएको छ । खोटाङ घर भएका ट्रक चालक हेम मगरको खोजी भइरहेको प्रहरीले जनाएको छ ।

## संविधान संशोधनले द्वन्द्व र विभाजन निम्त्याउछ-खनाल

पोखरा १९ मंसिर ।(गोल्डेन)

नेकपा एमालेका वरिष्ठ नेता एवं पूर्व प्रधानमन्त्री झलनाथ खनालले संविधान संशोधन राष्ट्रियता र जनहित विपरित रहेको भन्दै कुनैपनि हालतमा पारित हुन नदिने बताएका छन्। नेकपा एमाले कास्कीले आइतबार पोखरामा आयोजना गरेको कार्यकता भेला एवं पाटीको मुखपत्र घोषणाको लोर्कापण कार्यक्रममा बोल्दै उनले संविधान कार्यान्वयन गर्नुपर्ने बेला संशोधनको हल्ला गर्नु ब्यर्थ भएको बताए । 'संविधान संशोधनको हल्ला ब्यर्थ हो', उनले भने-'संविधान संशोधनले द्वन्द्व र विभाजन निम्त्याउछ।' नेता खनालले अंगिकृतलाई राष्ट्रपति, प्रधानमन्त्री बनाउने, हिन्दीलाई राष्ट्रिय भाषा बनाउने, पहाड र तराईलाई छुट्याउने कुरा कुनैपनि हालतमा स्वीकार्य नहुने बताए । उनले भने-'अंगिकृतले प्रमुख पदमा जान पाउनुहुन्न, यस्तो ब्यवस्था कुनै पनि देशमा छैन हामी त्यसलाई स्वीकार गर्न सक्दैनौ ।' 'दक्षिणबाट पसेका ब्यक्तिले देशका प्रमुख पदमा जानपाउनुपर्छ भन्ने भनाई राष्ट्रियता विपरीत छ', उनले भने- 'राष्ट्रिय भावनामा चोट पुर्याउने प्रस्ताव एमालेले घाम जुन रहेसम्म मान्दैन ।' उनले नेपालको संविधान लोकतान्त्रिक रहेको भन्दै त्यसको रक्षा र कार्यान्वयन गर्ने सवैको दायित्व भएको बताए । 'नेपालको संविधान अधिकार सम्पन्न, देशभक्ति, प्रगतिशिल र लोकतान्त्रिक रहेको भन्दै उनले सबै नेपालीलाई एकताबद्ध गर्ने डोरीका रुपमा रहेको बताए। 'सबैलाइ एकताबद्ध गर्ने डोरीको रुपमा संविधान आएको छ' उनले भने - 'हामी नेपाली हौं, जसरी फूललाई डोरीले बाँधेको छ नेपालको संविधान पनि सबैलाई एकतामा बाँध्ने खालको छ।'

उनले संविधान उत्कृष्ट हुँदाहुदै पनि केही कमजोरी हुन सक्ने बताउँदै मधेशी मोर्चाका नेताले उठाएका असन्तुष्टिहरु औचित्यपूर्ण नभएको दावी गरे । कार्यक्रम एमाले कास्कीका अध्यक्ष कृष्ण थापाको अध्यक्षतामा सम्पन्न भएको थियो भने कार्यक्रम संचालन सचिव दामोदर बैरागीले गरेका थिए ।

## मार्फाको 'तारा' जब पोखरा झर्‍यो

पोखरा १९ मंसिर ।

मार्फा भन्नेबित्तिकै धेरैको मुखमा स्याउ रसाउँछ। कतिपयलाई थकाली खानाको बास्ना हर्हराउँछ । तर, तिनैलाई थाहा नहुन सक्छ, त्यहाँको 'तारा' ले झन् कति धेरै मन भुलाउँछ ? त्यही 'तारा' अर्थात् तीर हान्ने खेलमा शनिबार पोखरेलीहरू रमाइरहेका थिए । 'तारा' मार्फालीका लागि केवल खेल होइन, संस्कृति हो । त्यसैलाई बचाउन मुस्ताङको मार्फाबाट सहरतिर झरेका थकालीहरूले करिब ४५ वर्षदेखि यसको प्रतियोगिता गर्दै आएका छन् । त्यसैको नयाँ संस्करण पोखरामा सुरु भएको छ । मार्फाको सबैभन्दा ठूलो पर्व हो तेरेमी । फागु पूर्णिमादेखि ६ दिन हर्षोल्लासपूर्वक मनाइने यस पर्वको मुख्य विशेषता हो- तारा हान्नु । थकाली भाषामा 'मे' भनिए पनि नेपालीमा उल्था गरेर 'तीर' अर्थ्याउने 'तारा' बनाइएको हो । परापूर्वदेखि बाँसको धनु र निगालाको बाँण प्रयोग गरिन्थ्यो । त्यसमा डाँफेको प्वाँख राखेर सजाइएको हुन्थ्यो । 'अचेल डाँफेको प्वाँख कहाँ पाउनु ?' मार्फा थकाली समाज सेवा सदनका महासचिव मखनलाल हिराचन भन्छन्-'त्यसैले हाँस-कुखुराको प्वाँखले काम चलाउने गरिएको छ ।' मार्फामा तारा हान्ने पर्व पिता-पुर्खादेखि चल्दै आएको छ । अझै यसलाई धुमधाम मनाइन्छ । तैपनि सुरु कहिलेदेखि भयो भन्ने कसैलाई हेक्का छैन । त्यसको गहन अनुसन्धान पनि भएको छैन । 'हामीले जान्दै देख्दै आएका हौं,' सदनका अध्यक्ष दीर्घसिंह लालचन भन्छन्, 'कति पुस्ता भयो, कसैलाई थाहा छैन ।' महासचिव हिराचन र टीकाराम राईद्वारा लिखित 'मार्फा थकाली जातिको चिनारी' पुस्तकमा छ- 'आफ्ना इष्ट देवता र पिता-पुर्खाको स्मरण एवं सम्मान गर्दै थकालीहरू थाक खोला आई बसोबास गर्न थालेपछि सभ्यता, परम्परा विकास क्रमसँगै यो पर्व मान्न थालेको पाइन्छ ।' मार्फामा पहिला यो २४ दिन मनाइन्थ्यो । क्रमशः १२ हुँदै अहिले ६ दिनमा झरेको छ । यो चाड मार्फाली पात्रोअनुसार १२ महिनामध्ये दोस्रो तोरेनलमा पर्छ । यसमा १८ देखि ७२ वर्ष उमेरका सबै पुरुष अनिवार्य उपस्थित हुनुपर्छ । त्यसका लागि मुखिया ( गन्नेमान्ने पाका व्यक्ति) ले घर-घरमै खबर पठाउँछन् । 'मार्फा थकाली जातिको चिनारी' मा लेखिएको छ, 'उपस्थित नहुनेलाई जरिवानासमेत तिराइन्छ ।' दुई हजार ६ सय ५० मिटर उचाइमा

बाँकी अन्तिम पृष्ठमा......

## यातायातमा लाठीचार्ज

गोल्डेन न्यूज संवाददाता
पोखरा १९ मंसिर ।

लामो समयपछि पोखरामा खुलेको दुई पाङ्ग्रे सवारी चालक अनुमतिपत्रको फारम लिने क्रममा झडप भएको छ। गण्डकी यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र पार्दीको कार्यालयमा लाइन लाग्नेक्रममा धकेला धकेल गरे पछि प्रहरीले लाठीचार्ज गरेको छ । दशैंपछि खुलेको अनुमति पत्रको फारम भर्न बिहानैदेखि लामो लाइन लागेको थियो । आइतबार मात्रै गरि ३ हजार ६ सय जनाले टोकन लगेको गण्डकी यातायात व्यवस्था कार्यालय सवारी चाल अनुमतिपत्र कार्यालयका प्रमुख कीर्तनराज पौडेलले जानकारी दिए। उनले प्रत्येक हप्ता ३ सय जनाको लिखित र प्रयोगात्मक परीक्षा लिई अनुमतिपत्र दिने बताए । ३ हजार ६ सय जनाले फागुन १५ सम्ममा लिखित र प्रयोगात्मक परीक्षा दिइ सक्ने उनको भनाई थियो । उनले चार पाङ्ग्रे सवारीका लागि मंगलबार आवेदन खुल्ला हुने बताए ।




हार्दिक बधाई



श्री ज्ञानेश्वर राज श्रेष्ठ
(अध्यक्ष)



सरोज श्रेष्ठ (नि.अध्यक्ष) | सुमन विजुक्छे (प्रथम उपाध्यक्ष) | सन्तोष कु. घिमिरे (द्वितीय उपाध्यक्ष) | पुनित वैद्य (सचिव) | सुनिल ब. भट्टराई (कोषाध्यक्ष)



प्रतिश पालिखे (का.सदस्य) | निरन के.सी. (का.सदस्य) | वैभव पौडेल (का.सदस्य) | विनल कर्माचार्य (का.सदस्य) | पारशराज गौतम (का.सदस्य) | सुयश मल्ल (का.सदस्य)

यस ॐ जय बाराही ट्रेडर्सका निर्देशक श्री ज्ञानेश्वर राज श्रेष्ठज्यू नेपाल युवा उद्यमी मञ्च (NYEF) पोखराको बर्ष २०१६/०१७ का लागि गरिमामय अध्यक्ष पदमा निर्वाचित हुनुभएकोमा उहाँ लगायत नवनिर्वाचित सम्पूर्ण कार्यसमितिका सदस्यहरुलाई हार्दिक बधाई ज्ञापन गर्दै कार्यकालको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु।

सुनिल श्रेष्ठ
प्रवन्ध निर्देशक
ॐ जय बाराही ट्रेडर्स
सिद्धार्थचोक, पोखरा

हार्दिक बधाई



दिनेश कुमार श्रेष्ठ अध्यक्ष | षडानन्द गौतम वरिष्ठ उपाध्यक्ष | प्रेम प्रसाद शर्मा उपाध्यक्ष | उमा लामिछाने उपाध्यक्ष | मथुरा प्रसाद पौडेल सचिव



विष्णु शर्मा कोषाध्यक्ष | राम गुरुङ सह-सचिव | श्रीकृष्ण अधिकारी सह-सचिव | जगत थापा सह-कोषाध्यक्ष | सुशिला के.सी. अधिकारी सदस्य



वैदप्रसाद बस्ताकोटी सदस्य | अन्जु अधिकारी बराल सदस्य | सुन्दर प्रसाद ढकाल सदस्य | नवीन बराल सदस्य | पुष्पराज पराजुली सदस्य



महेन्द्र गुरुङ सदस्य | शिवबहादुर रेग्मी सदस्य

निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन (प्याब्सन) कास्कीको १७औं जिल्ला अधिवेशन बाट श्री दिनेश कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा निर्वाचित सम्पूर्ण पदाधिकारीज्यूहरुलाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

Alphabet Books Publisher & Distributor
Kathmandu, Nepal

न्यू प्रभाव बुक्स एण्ड स्टेशनर्स
पोखरा-१, बगर

■ रिसलाई प्रेमले, झगडालाई मेलले र अन्धकारलाई प्रकाशले जितौं

- *पूर्वराजा महेन्द्र शाह*

## सम्पादकीय ...

# अब के गर्लान् प्रचण्डले ?

देशको राजनीति र आर्थिक विकासमा आमूल परिवर्तन गर्ने रंगीन सपनासहित राजनीतिको मैदानमा उत्रिएका पुष्पकमल दाहाल प्रचण्ड अहिले आफ्नै कारण गम्भीर धर्मसंकटमा परेका छन् । गरिबको सिरकजस्तो भएका छन्, उनका सपनाहरु । टाउकोमा ओढ्दा खुट्टा खाली हुने र खुट्टामा ओढ्दा टाउको खाली हुने नियति बन्न पुगेको छ, संविधानको संशोधन प्रस्ताव । संयुक्त मधेसी मोर्चालाई खुसी पार्न उनीहरुलाई नै लक्षित गरेर दर्ता भएको यो प्रस्तावले पश्चिम नेपालका १२ जिल्लामा आगो दन्किएको छ । प्रदेश नं ५ लाई टुर्क्याउने र अन्यत्र गाभ्ने सरकारको षड्यन्त्रको विरोधमा पश्चिम नेपाल अत्यन्त आक्रामक र उग्ररुपमा सडकमा उत्रिएको छ । उनीहरु कुनै पनि हालतमा लुम्बिनी र राप्ती अञ्चलमा हाल कायम रहेका १२ जिल्ला टुक्रिन नदिने र यो भूगोल क्षेत्र नं ५ मै कायम रहनुपर्ने अडानमा रहेका छन् । यो अडानको समर्थनमा सत्तारुढ दलका सांसद्हरु, प्रतिपक्षी दलका सांसद्हरु पनि एउटै मञ्चमा बुटवलको विरोधसभामा सहभागी भएपछि आन्दोलन झन् बढी शक्तिशाली बनेको अनुभव अहिले गर्न थालिएको छ । यी सबै घटनाक्रमहरुको विश्लेषण गर्दा प्रदेश र संघीयताको संरचना आम नेपालीले सहज रुपमा ग्रहण गर्ने समय अझै भैनसकेको हो कि ? भन्ने प्रश्न गर्नु पनि आवश्यक भएको छ । यौटै साझा घरमा मिलिजुली सबै जातजाति र धर्मका अनुयायीहरु हिउँदको नदीजस्तै शान्त भएर बसेको समयमा प्रचण्डले जनयुद्धको उपलब्धिका रुपमा ग्रहण गरेको प्रमुख विषयमध्ये एक हो, संघीयता । यसले निम्त्याएको प्रदेशको संरचनाले नदीमा ढुंगा हान्ने काम गर्‍यो र आवाजहरु छताछुल्ल भएर सडकमा पोखिन थाले । जातजातिबीच विभेद सिर्जना भयो र धेरैजसोले आफ्नो पहिचानसहितको भूगोल माग्न थाले । अहिले प्रचण्डका लागि पनि यो संघीयता कतै हाम्रो लागि बेमौसमको बाजा त बनेको होइन ? भनेर आत्मसमीक्षा गर्नुपर्ने समय आएको छ । जनभावना नबुझीकन भौगोलिक विभाजन गर्न खोज्दा अहिले पश्चिम नेपाल तातेजस्तै अन्यत्र पनि यो घटना नदोहोरिएला भनेर भन्न सकिन्न । उता पूर्वमा पनि तराई मधेसका दलहरु प्रस्तावित संशोधन विधेयकबाट सन्तुष्ट हुन सकेनन् । अब पूर्व र पश्चिम दुवैतर्फको असन्तुष्टिलाई समायोजन र सम्बोधन गर्न प्रधानमन्त्रीका लागि गम्भीर चुनौतीको विषय बनेको छ । मधेसी दलहरु एकपटक फेरि आन्दोलन गरेर सडक तताउने मनस्थितिमा रहेको पाइन्छ । अब प्रधानमन्त्रीका लागि हाल संसदमा दर्ता भएर बसेको संशोधन विधेयक फिर्ता लिएर संयुक्त मधेसी मोर्चा र पश्चिम नेपालका १२ जिल्लालाई एउटै प्रदेश नं ५ मा राख्नुको अर्को कुनै विकल्प देखिएको छैन । राजनीतिको रसायन लचकदार रुपमा परिवर्तनशील हुन्छ । एउटै विन्दुमा उभिएर लामो समयसम्म बसिरहन सक्तैन । प्रचण्ड आफैं पनि विगतमा १२ बुँदे दिल्ली सम्झौतामार्फत संसदीय राजनीतिमा परिवर्तित भए र दुई-दुईपटक प्रधानमन्त्री बने । तर विडम्बना नै मान्नुपर्ने हुन्छ कि उनी आफैँले रोपेको संघीयताको बीउले उनलाई नै खान खोजिरहेको छ । नेपाली जनताको राजनीतिक चेतनाको स्तर त्यो तहसम्म पुगिनसकेको कुरा यसअघि पनि विभिन्न घटनाक्रमहरुले पुष्टि गरिसकेको छ । अब प्रधानमन्त्री प्रचण्डले आफूलाई केही लचिलो बनाएर आन्दोलनको यो आगो निभाउन सके भने त्यसमा देश, जनता र उनको पनि हित हुनेछ।

## आजको पञ्चाङ्ग

**मिति २०७३ साल मंसिर २० गते सोमबार, तदनुसार दिसेम्वर ५ सन् २०१६, श्रीशाके १९३८, नेपाल संवत् ११३७, सौम्यनामकः संवत्सरः, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन्। शरद ऋतु चलिरहेको छ। चान्द्रमान अनुसार मार्गशीर्षशुक्लपक्ष चलिरहेको छ। सौरमान अनुसार आज मार्गशीर्षशुक्लपक्षको षष्ठी तिथि अहोरात्र रहनेछ। आज सूर्य वृश्चिक राशिमा, चन्द्रमा मकर राशिमा अहोरात्र रहनेछ। आज दिनमान २६ घटि ४ पलाको रहनेछ। आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर ४१ मिनेटमा मैत्र मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर ०६ मिनेटमा हुनेछ।**

## आजको राशिफल

**मेष** : गरेको सबै कार्यमा बाधा हुने, मानसिक अशान्ति, यात्रामा कठिनाई हुने, चिन्तापर्ने समाचार प्राप्त हुनेछ ।

**वृष** : एक्कासि धन तथा जमिन लाभ पाइने, नयाँ कार्यमा लगानी हुन सक्नेछ, दिन सबै प्रकारले शुभ रहनेछ ।

**मिथुन** : परिवारसँग विवाद पर्नेछ, व्यापारीक क्षेत्रमा मन्दी आउनाले नोक्सान बढ्न जानेछ, समय खराब छ ।

**कर्कट** : आरोग्यता, प्रशन्नता, आर्थिक पक्ष सवल रहने, मिष्ठान्न भोजन प्राप्ति, नवीन कार्यको थालनी गर्दा राम्रो हुनेछ ।

**सिंह** : एक्कासी नयाँ वस्तु फेला पर्ने, उत्कृष्ठ सरकारी सम्मान पाउन सकिने, शैक्षिक क्षेत्रबाट उत्कृष्ट नतिजा हाँसील ।

**कन्या** : एक्कासी आँखामा खराबी आउन सक्ने, धनमाल चोरी हुन सक्नेछ, आफूले गरेको कार्यमा बिरोधी बढ्नेछन् ।

**तुला** : आफन्तको टकरावले दिनभर तनाव, पेशाप्रति असन्तुष्टि, आम्दानीमा गिरावट, अनावश्यक झमेला थपिनेछ ।

**वृश्चिक** : स्वास्थ्य राम्रो रहनेछ, आदर सत्कार पाइने कार्यमा सरिक हुन पाइने, पारिवारिक सहयोग पाइने, प्रेम प्रसँग समधुर ।

**धनु** : टाढाबाट धन प्राप्ति हुन सक्नेछ, नयाँठाउँको भ्रमण गर्दा मनमा आनन्द, राजनीतिक सक्रियता बढ्नेछ ।

**मकर** : गरेका कार्य अधुरा हुनेछन, यात्रा तथा कार्यमा बाधा, आफ्नो बारेमा आफन्तलेनै कुरा काट्ने छन् ।

**कुम्भ** : यशकीर्ति बढ्ने शत्रुमाथि विजयी हुने, अधुरा कार्य आज पूरा, पुराना मित्रसंग भेटघाटको अवसर मिल्नेछ ।

**मीन** : स्वास्थ्यमा खरावी आउन सक्ने, समय विवादित रहनेछ, चोटपटकको भय, नकरात्मक सोचाइले आँफैलाई घाटा ।

**राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९**

# नेपाली राजनीतिका केही तथ्य, केही जटिलता



✍ खिमलाल देवकोटा

यतिवेला संसद हेर्न लायक छ । निर्वाचनसँग सम्वन्धित कानुन बनाउनुपर्ने चटारो एकातिर छ । यहीबेलामा लोकमानविरुद्धको महाअभियोगलाई टुंगोमा पुर्‍याउनु छ । संविधानको स्वामित्व ग्रहण गराउन संविधान संशोधन गर्नु छ । यति तीनवटा सवाधिक महत्वका विषय संसदमा छन् । तर, संसद दिनदिनै नाटकीय ढंगले अस्ति भर्खरै आफैले राष्ट्रिय सहमतिमा दोब्बर बनाएको तलवभत्ता पचाउने साधन बनेको छ ।

तोकिएको समय केही घर्काएर सभामुख आउँछिन् । सरकार पनि हाजिर बजाउन आउँछ । प्रतिपक्ष जानी नजानी बहिस्कारको नाटक गर्छ, सभामुख जानीनजानी बसौं माननीय भन्न भ्याउँछिन् । एकैछिनमा तलव भत्ता पाक्छ । र, कोही बुटवलतिर, कोही झापा त कोही कैलाली(कञ्चनपुरतिर आखा र कान लगाउँछन्, त्यहाँको समस्या समाधान गर्न भनेर हैन, टायर बाल्ने निर्देशन दिनका लागि । एक वर्षअघि एमाले( कांग्रेसले यही प्रस्ताव गर्दा माओवादीले भन्यो( यो त पञ्चायतकालीन पाँच प्रदेशमा दुई थपियो, कहाँ मानिन्छ ? सत्ता पक्षले भन्यो-एकदम राम्रो संघीयताको मोडेल हो । आज एक वर्षपछि हिजोको प्रस्तावक एमालेले यसैमा भयंकर राष्ट्रघात देख्यो, टनकपुरभन्दा पनि राष्ट्रघात । अनि पञ्चायतकालीन विकास क्षेत्र भन्ने माओवादीले यो भन्दा राम्रो पहिचान खुल्ने संघीयता अर्को हुनै सक्दैन भन्ने देख्यो । तथ्य उही, मानिस उही, संविधानका विषय वस्तु पनि उही । खाली मानिसहरु को र दलको हैसियतमात्रै परिवर्तन भएको अवस्था छ । सत्तापक्ष प्रतिपक्षमा र प्रतिपक्ष सत्ता पक्षमा बदलिएको छ । पक्ष बदलिएसँगै दृष्टिकोण र अडान वदलिएको छ । त्यसैले अहिलेको यो रडाको मच्चिएको हो भनियो भने कुनै अनर्थ हुँदैन । तथ्यले यही भन्छ ।

**टायर बल्यो** : टायर वालेको महाअपराध हो भन्ने निष्कर्षमा पुगेको पार्टी, सबैलाई टायर विरोधी बनाउने अगुवाइ गरेको पार्टी र आफ्नो घोषणा पत्रमा भँगेरे अक्षरमा लेखिएको बन्द हामी कहिल्यै गर्ने छैनौं भनेको उही पार्टी आज टायर नबाली आन्दोलन नै हुँदैन भन्ने नयाँ संस्कार सिकाउँदैछ । सामाजिक सञ्जालहरुमा बखतमा भद्र देखिने मुहारहरु पनि सत्तापक्ष बौलाएको परिणाम भन्ने गरेका छन् । यसले के पुष्टि गर्छ भने आफ्नो स्वार्थमा धक्का लाग्यो भने स्वयंसिद्ध तथ्यहरु पनि बदलिन्छन् र ज्यामितिका सरल रेखाहरु पनि बाँगा देखिन थाल्छन् । आज सत्ताको स्वाद राम्री चाखेकाहरुका वीचको रस्साकस्सी यही टायर संस्कृतिमा पतन हुँदैछ भने राष्ट्रवाद र राष्ट्रघातको नयाँ परिभाषा पनि रचिँदैछ । कुनैबेलाको यही सीमांकन राष्ट्रवादी थियो । एक वर्षको दौरानमा यो राष्ट्रघाती कित्तमा पुग्यो । यसैगरी एक वर्षअघि यही टायर आतंककारीको हतियार थियो । आज राष्ट्रवादीहरुको सुमधुर अगरवत्ती बन्न पुगेको छ ।

**लोकमानको मुद्दा थन्कियो**

लोकमान भर्सेज दलहरुको म्याराथुन जारी थियो । रातो पासपोर्टका खतुकीहरुका जिब्रो लरबराउने अवस्थामा थिए । लोकमान पत्रकार सम्मेलन गरेरै राजनैतिक भ्रष्टाचारका विरुद्धमा अभियान चाल्ने ऐलान गर्दै थिए । सांसदहरु साना माछामात्रै समातियो, ठूला माछाको पालो कहिले आउँछ भन्थे । लोकमान आकलझुकल चिट्ठी काटेर त कहिलेकाहीँ क्लिन चिट दिएर आफ्नो भुमिका निर्वाह गर्दै नै थिए । अचानक महाअभियोग दर्ता भयो ।

भनिन्छ, लोकमान विमानस्थल बाट टंगाल आउनमात्रै पाएको भए सबैलाई हतकडी लगाइएका हुन्थे । जेहोस् सांसदहरुले आफ्नै दलको निर्णयबेगर पनि र नेताहरुको जानाकारी बेगर पनि छापामार शैलीमा महाअभियोग प्रस्ताव दर्ता गर्न पुगे । सभामुख पनि के कम, हस्ताक्षर सनाखत गर्ने झण्झट पनि गरिनन् र एकाएक लोकमानलाई निलम्वन ठोकिदिइन् । त्यसपछि मात्रै प्रधानमन्त्रीले थाहा पाए । यतिको सुपरसोनिक गतिमा चलाइएको लोकमान प्रकरण एकाएक सेलायो । सुनिन्छ, लोकमानले राजीनामा गरिदिउन्, उनलाई रोजेको अवसर उपलब्ध गराइनेछ । यसो भएन भने अदालतले काम फत्ते गरिदिने छ भन्ने अपेक्षा छ रे नेताहरुको ।

**चुनाव भन्ने, नगर्ने बरु संसदको म्याद थप्ने** : आगामी ०७४ माघ ७ भित्र तिनै तहको निर्वाचन गरेर संविधानको पूर्ण कार्यान्वयन गर्ने म्याद संविधानमा नै लेखिएको छ । तर, सत्ता पक्ष र प्रतिपक्षसहित सरोकारवालाहरु चुनाव गर्ने मुडमा देखिएका छैनन् । स्थानीय चुनाव ०५६ सालमा वामदेवको लाठो लागेर भएको थियो त्यसपछि आजसम्म भएको छैन । तर, चुनावको कुरा नगरेको दिनै छैन । जुन सरकार आए पनि स्थनीय चुनाव भन्न छाडेको होइन, तर चुनाव गर्ने त के चुनाव गर्ने कानुन बनाएको पनि कसैले छैन आजका दिनसम्म पनि चुनावका लागि चाहिने कानुन बनेकै छैन ।

मधेसी वा एमालेले मानिदिएर संविधान संशोधन गरिदिए पनि संविधानमा लेखिएको बढेको क्लष्टर घटेको समानुपातिक प्रतिशत र महिलाका लागि ३३ प्रतिशतको हिसाव कहीँ कतै मिल्नेवाला छैन । यसकारणले पनि चुनाव सम्भव छैन । चुनाव-चुनाव भनेर घोक्रो सुक्ने गरी कराउनेहरु पनि यो विषय संशोधन गर्न उदासीन छन् । कुनैबेला निर्वाचन आयोग आफैंले भनेको थियो, संविधानको यो व्यवस्था संशोधन नहुँदासम्म या त कानुन बनाउन सकिन्न, या त संविधानको उलंघन गर्नुपर्ने हुन्छ । त्यसैले चुनाव गर्ने हो भने यो व्यवस्था संशोधन हुनुपर्छ । तर, दर्ता भएको प्रस्तावमा यो व्यवस्था समेटिएको छैन । त्यसैले चुनाव भनिराख्ने नगर्ने वरु संसदकै म्याद थपेर आफनो आयु लम्ब्याउने बाटोमा निर्वाचन आयोगसहित दलहरुको सत्ता र प्रतिपक्ष सबैको सहमति भएको हो कि भन्ने आभाष भएको छ ।

**सत्तामा भएपछिमात्रै चुनावको मनोविज्ञान** : नेपाली राजनीतिको अनुभवसिद्ध कुरा के हो भने चुनावका वेला सत्ताको दुरुपयोग अनिवार्य छ, त्यसो गर्न पाइएन भने चुनाव हारिन्छ र हार्ने चुनाव हुन दिइन्न । यो मान्यताको विकास भएको सन्दर्भमा सत्ता र चुनाव बुझेको एमाले अहिले सत्ता बाहिर छ । यसै प्रष्ट छ, एमाले सत्तामा नजाँदासम्म चुनाव हुँदैन । अर्थात चुनाव गराउने हो भने एमालेलाई सत्तामा लैजान अनिवार्य जस्तै छ । चुनावको शर्तमा एमाले कांग्रेसको गठवन्धन नै किन नबनोस् सत्ता र चुनावको त्यति धेरै पारख नभएको दल माओवादीलाई प्रतिपक्षमा धकेल्दा पनि हुन्छ भन्ने मनोविज्ञान जवर्जस्त छ । यसै सन्दर्भमा मधेस अर्को समस्या हो । मधेस सत्तामा नभएसम्म टायर बालेर चुनाव हुन दिँदैन, सत्तामा गएपछि सत्ता लम्ब्याउनका लागि चुनाव हुन दिँदैन भन्ने उखान बनेको छ । यस्तो अवस्थामा संविधानमा लेखिएका निर्जिव प्रावधान मात्रैका कारणले चुनाव वाध्यात्मक बाटो हो भन्न संवैधानिक हिसावले सकिएला, तर राजनैतिक हिसाबले भन्न सकिन्न । यो जटिलतामा मुलुक फसेको छ ।

**भारतको चासो** : नेपालको राजनीति भारतीय चासो भन्दा बाहिर कहिल्यै रहेन । झन यसपटक त यो गठवन्धन सरकारको डिजाईनर नै भारत हो भनिएको सन्दर्भमा उसको चासो हरेक मामलामा देखिन पुगेको छ । पहिलो संविधानसभाबाट संविधान आउन दिइएन । दोस्रोको परिणाम भिन्न आयो । संविधान आयो, तैपनि भारतको असन्तुष्टि यो हदसम्म रहेछ भन्ने जानकारी भयो कि भारतीय राजनीतिमा पनि चासो नराख्ने राष्ट्रपतिले नेपालमा त्यतिका सत्कार पाउँदा पनि संविधानको स्वागत गर्न मानेनन् ।

त्यसैले संशोधनको मामला भारतको गहिरो चासोको विषय हो भन्ने प्रष्ट नै छ । उसको चासो बेला बखतमा पात्र फेरेरै भए पनि कहिले को मार्फत, कसरी गर्ने भन्ने कुरामा ऊ योजना बनाउँदो हो । त्यो योजनाको जालमा पर्दा वा सो योजना बुझ्न नसक्दा समस्या आउने गरेको छ । त्यसैले भन्न सकिन्छ, यतिबेलाको भारतको चासोको व्यवस्थापन पनि राजनीतिक जटिलताको अर्को पाटो हो ।

**मधेसमा वर्चस्वको आशा** : तीव्र शहरीकरण र बसाइँ सराइको प्रवृत्तिका कारणले यतिबेला तराईका २२ जिल्लाको जनसंख्या कुल जनसंख्याको आधा बन्न पुगेको छ । आधा जनसंख्या मधेसमा बस्छ । तर, राष्ट्रियताको बहस पहाडी र मधेसीमा विभाजित छ । पहाडी राष्ट्रवादले मधेसलाई देश नमान्ने र मधेसीलाई नेपाली नमान्ने अतिवाद हावी हुँदैछ । मधेसबाट चुनाव जित्नेहरु कोही जेलमा छन्, कोही राजधानीमा कैद छन् । उनीहरु मधेस जान सकेका छैनन् । गइहाले पनि सुरक्षाको कडा पहरामा वा रातारात छापामार शैलीमा जाने र फर्कने गरेका छन् ।

मधेसका प्रतिनिधिले मधेसको मनोविज्ञानको प्रतिनिधित्व गर्न सकिराखेको पाइएन । या त आन्दोलन आफ्ना प्रतिनिधिको नेतृत्वमा हुन्छ, या त आन्दोलनको समापन उनले गर्छन्, यहाँ दुवै काम उनीहरुले गर्न सकिराखेका छैनन् । तर, चुनाव जितेका प्रतिनिधि भने उनीहरु नै हुन् । त्यसो त जमानत जफत हुने तर फेरि त्यही मतले चुनाव जित्ने पनि भएको छ । यसलाई पनि लोकतन्त्र नै भनिएको छ । जे होस् यो पनि अर्को नेपाली राजनीतिको तथ्य र जटिलता हो । यो जटिलताको समाधानविना मुलुकले शान्तिको स्वास फेर्न पाउने छैन ।

**अन्तमा**

नेपाली राजनीतिका केही तथ्य र केही जटिलताहरु छन् । कतिपय जटिलता र तथ्यहरु स्थायी छन् भने कतिपय यस्ता मामला अदल-बदल भैरहन्छन् ।

बेला-बेलामा फेरिने जटिलताहरुको व्यवस्थापन फेरिएको परिवेशका आधारमा र स्थायी प्रकृतिका जटिलताहरुको समाधान दीर्घकालीन र स्थायी प्रकृतिले गर्न नसक्दासम्म मुलुकले शान्ति स्थिरता विकासको मार्ग पहिल्याउन सक्दैन । त्यसैले जनतावाट प्रत्यक्ष निर्वाचित कार्यकारी अधिकारसहितको राष्ट्रपतीय व्यवस्थाविना राजनीतिक स्थिरता हासिल हुने कुरा निकै कठिन छ । यो कुराको जानकारी नभएको पनि हैन, तर जानाजानी पनि यो व्यवस्थाको संशोधन भने संविधानमा यसपटक पनि ल्याएको पाइएन । यसले पुष्टि गर्छ कि या त दलहरु स्थिरताको पक्षमा छैनन् । या त स्थिरताका लागि जनस्तरबाटै अभियानको थालनी गर्न जरुरी छ ।

(देवकोटा नयाँ शक्ति पार्टी नेपालका प्रवक्ता हुन्)

# संशोधनमा एमाले सहमतिमा आउने आधारहरु खोजौं



✍ मुक्ति प्रधान

नेपालमा संविधान संशोधन र बाधा अड्काउ फुकाउसम्बन्धी सवैधानिक विषय ठट्टा हासखेलको विषय बन्दै गएको छ । नेता गणहरु यस विषयमा त्यति गम्भीर छैनन् । संविधान संशोधन भनेको संसद सचिवालयको कागज र मसी मात्र ठानेका छन् । तर त्यो मुलुकको जीवन र मुटुसँग गाँसिएको छ भन्ने विषयमा कसैले हेक्का राख्न सकेका छैनन् । लिखित संविधानको लगभग २५० वर्षको इतिहासमा भारत र अमेरिकामा कस्तो परिघटनामा संविधान संशोधन हुन्छ, कुन प्रक्रिया र विधिमा हुन्छ । संविधान भनेको कस्तो राजनीतिक दस्तावेज हो ? यो विषयमा नेपालका राजनीतिज्ञहरुले अत्यन्तै कमजोर कार्यकुशलता देखाइरहेका छन् । प्रधानमन्त्री फेरिने वित्तिकै संविधान संशोधनको संस्कृति, संविधान संशोधनकै लागि प्रधानमन्त्री परिवर्तन, नपुग विषय थप्नका लागि प्रधानमन्त्री परिवर्तनले नेपालको प्रधानमन्त्री पदमै प्रश्नचिन्ह खडा हुने अवस्था सिर्जना भएको छ ।

अहिले मुलुकले जुन संविधान पाउन सफल भएको छ, यो नेपाल राजनीतिक परिवर्तनको एउटा उच्च सफलता हो । तर यो सफलता व्यवहारमा लागू हुन्छ हुँदैन ? यो गम्भीर विषय नेपालको राजनीतिक वृत्तमा दिन प्रतिदिन आशङ्काको घेरामा पर्दै गएको छ । संविधान जारी गर्ने दलहरुले संविधान कार्यान्वयन गर्न असमर्थ सावित हुँदै गएको छ । कार्यान्वयन नै हुन नसक्ने संविधान जारी गर्नुपूर्व राजनीतिक दलहरु गम्भीर हुन जरुरी थियो । जारी गरिसकेपछि यसको कार्यान्वयनका पक्षमा राजनीतिक सहमति जुटाउन किन सकिरहेका छैनन् । यो विषय झन् गम्भीर भएको छ । नेपाल भौगोलिक रुपमा दुई छिमेकीको दाँजो अन्त्यन्त सानो छ । तर सामरिक महत्वको रुपमा हेर्दा यतिखेर विश्व राजनीतिमा नेपाल किन यति महत्वपूर्ण देश बन्दै गएको छ । विश्वस्तरमा नेपालतिर सबैको नजर किन केन्द्रित हुँदै गएको छ ? यस विषयमा आम बौद्धिक जमातको विश्लेषण र निष्कर्षहरु समयले खोजिरहेको छ ।

२००७ सालयता नेपालको राजनीति तरलै तरलमा वित्दै आएको छ । धेरै संविधान जारी भए । तर लोकतन्त्र प्राप्तीको सङ्घर्षमा एकपछि अर्को संविधान जारी भए । जनताद्वारा निर्मित वर्तमान संविधानको अपूर्णतालाई पूर्णता दिन राजनीति पार्टीहरुबीच मत एकता हुन नसक्नु पछाडिको मुख्य कारण के के हुन् ? पहिले त्यसको निक्यौंल गर्न सकेको खण्डमा मात्र संविधानले गति प्राप्त गर्न सक्छ । नभए यो संविधान पनि लामो समयसम्म अर्कण्यताको दलदलमा फस्दै संविधान निर्माणको चरणपछि संशोधनको गोलचक्करमा फस्ने निश्चित छ ।

संविधान जारी हुने वित्तिकै राष्ट्रका सबै समस्या हल हुन्छन् भन्ने मानसिकता बोकेका पूर्वप्रधानमन्त्री खड्गप्रसाद ओलीले चर्को नाकाबन्दीको मारमा सरकार चलाउने अवसर प्राप्त गरे । काङ्ग्रेस र माओवादी केन्द्रको सत्ता समीकरणबाट बनेको प्रचण्ड सरकार पनि अहिले संविधान संशोधनकै घेराभित्रबाट राष्ट्रिय सहमति खोज्दै गरेको बेला राष्ट्रिय सहमतिविना नै सत्तारुढ दलहरुको एकल निर्णय संविधान संशोधनको प्रस्ताव संसदमा दर्ता गराए । वर्तमान प्रधानमन्त्रीको कार्यकालले पूर्णता पाउने जति दिन नजिकिँदै छ, संविधान संशोधनको चर्चा त्यति वाक्लिँदै जानेछ ।

संविधान संशोधनविना नै उहाँको कार्यकाल समाप्त भए हुने सम्भावना बढेको छ । उहाँ पछिका शेरबहादुर देउवाले पनि त्यो भूमिकाको निरन्तरता पाउने देखिन्छ । जतिजना प्रधानमन्त्री फेरिए पनि संविधान संशोधन र मधेसी मोर्चाको मागहरु चर्चाको चुलीमै रहिरहने छ । मुलुक फेरि पनि अन्यौलमा पर्ने सम्भावना बढेको छ । यसले जनतामा निराशा ल्याउने छ । सबैले आफ्ना विचार व्यक्त गर्छन् तर निकास कतै देखिँदैन ।

अहिले संविधान संशोधनका विषयवस्तु मधेस केन्द्रित दलहरुले प्रस्तावित गरेका विषयमा धेरै छलफल चलाउन आवश्यक छ । २०७४ माघ ८ भित्र तीनवटै तहका निर्वाचन सम्पन्न गर्न सम्भव छ छैन । यो संविधान कार्यान्वयनको आधारभूत विषय हो । संविधान संशोधनको विषयलाई सत्ता समीकरण र ध्रुवीकरणको विषयमा मात्र छलफल सीमित भएको देखिन्छ । संशोधनका लागि संसदमा दुई तिहाई मत अनिवार्य हुन्छ । तर एमालेको समर्थनविना संशोधन हुन सक्ने संवैधानिक स्थिति छैन । वर्तमान संविधान कार्यान्वयनको मुख्य पाटो तिनै तहको निर्वाचन सम्पन्न गर्न मुख्य दलहरुको सहमति अनिवार्य छ । संविधान जारी गर्दा जुन रुपमा सहमति जुट्यो, कार्यान्वयनको पाटोमा सहमति जुट्न सकेन भने संवैधानिक सङ्कट तिनै दलहरुको कारणले सिर्जना हुने प्रष्ट देखिन्छ । अहिले माओवादी र काङ्ग्रेस समीकरण सरकारको मुख्य जिम्मेवारी संविधान संशोधनमा सहमति र तीनवटै तहको निर्वाचन निर्दिष्ट समयमा सम्पन्न गर्नु हो । तर यसको राजनीतिक निकासको भूमिका एमालेलाई सहमतिमा ल्याउनु नै हो । एमाले सहमतिमा आउने आधारहरु सत्तापक्षले प्रष्ट मार्गचित्र देखाउन सकेको छैन । त्यसरी नै एमालेलाई सहमतिमा ल्याउने आधार के हुन सक्छ, आफ्नो पार्टीको तर्फबाट एजेन्डा दर्ज गर्न सकेको छैन । यिनै जुँगाको लडाइँले संविधान कार्यान्वयनको विषय झन् झन् विवादास्पद बन्दै गएको छ ।

नेपालको राजनीति सत्ता समीकरण र धुव्रीकरणको राजनीतिले गाँजिएको कारणले मुलुकको आर्थिक समृद्धि, विकास निर्माण र योजनागत पूर्वाधारणहरुको विकास हुन सकेको छैन । सामान्यभन्दा सामान्य विषय समेत प्रधानमन्त्रीको तहमा छलफल हुनुपर्ने यो अत्यन्तै सरम लाग्ने विषय बनेको छ । जुनसुकै पार्टी सत्तामा गए पनि सत्ता बाहिर रहेका पार्टीले सरकारलाई सहयोग हैन, असहयोगको अवस्था सिर्जना गर्ने जुन संस्कृतिको विकास भइरहेको छ । यसले मुलुकको आन्तरिक अवस्थालाई अत्यन्तै कमजोर बनाउँदै जनतामा निराशको स्थिति पैदा गरेको छ । मुलुक निरङ्कुशता विरुद्धको सङ्घर्षको लामो चरण पार गरेर नयाँ संविधान सहित नयाँ चरणमा प्रवेश गरेको छ । तर राजनीतिक पार्टीले यो मर्मलाई आत्मासात गर्न सकेका छैनन् । हामीले दुई विशाल र समृद्ध छिमेकीहरु र अन्तराष्ट्रिय जगतमा नेपालको पहिचान र स्थायीत्वका लागि नयाँ चरणमा प्रवेश गरेको अनुभूति दिन नयाँ ढङ्गले सोच्नै पर्छ ।

उत्तरी छिमेकी चीन र दक्षिणी छिमेकी भारतसँग नेपालको हितको पक्षमा सम्बन्ध स्थापित गर्ने नीति अपनाउनुपर्छ । विवादास्पद सम्बन्ध र दुई देशमा को नजिक, को टाढा ? मानसिकतालाई त्यागी नेपालको हितमा दुवै छिमेकीको सहयोग प्राप्त गर्न सक्ने नीति अख्तियार गर्न सक्नुपर्छ । छिमेकीहरुलाई चिढ्याएर नेपालको हित हुन सक्तैन । आफ्नो तटस्थ नीति र त्यसप्रति दृढ भएको व्यवहारले नै देखाउन जरुरी छ ।

सत्ता प्राप्तीका लागि राष्ट्रिय स्वार्थलाई तिलाञ्जलि दिने र प्रत्येक घटनाक्रमले छिमेकीलाई चिढ्याएर विवाद आउने कार्य राजनीतिक पार्टी र त्यसको नेतृत्वबाट हुनुहुँदैन । त्यो कार्यकुशलता देखाउन नसकेकै कारण देशमा जतिसुकै उचाइको राजनीतिक आन्दोलन र सङ्घर्ष भए पनि संस्थागत गर्न सकेनौं । यो विषयमा अझै ढिलाइ गरेको खण्डमा संविधान कार्यान्वयनको चरणहरु झन पेचिलो बन्दै जाने छ । नेपालीले राष्ट्रिय स्वार्थ र हितमा काम गर्ने हो भने जे पनि 'हुन्छ र हवस' भन्ने संस्कृतिको अन्त्य जरुरी छ । नेपालका राजनेता भनाउदाहरु जसलाई पनि हुन्छ भनेर आशा देखाएको कारणले आश गर्नेहरु पछि लागेका छन् । यो विषय हुन सक्तैन मबाट, त्यो काम हुँदैन भन्ने आँट गर्ने संस्कृति भयो भने तिनीहरु यसले मानेन भनेर पछि हट्छ । तर नेपालका राजनेताहरुले जस्ले जे माग्यो त्यो हुन्छ, सकिन्छ त्यो गर्छु भन्दै मुन्टो हल्लाउँदै मन्त्री र प्रधानमन्त्रीको पदमा च्याँखे थापेकै कारणले नेपालमा समस्या थुप्रेको थुप्रैकै छ । हाम्रा प्रत्येक नेताहरुलाई छानी छानी राष्ट्रिय हितविरुद्धका काम गर्न उत्साहित गराइ राख्नेहरु छन् । यस्ता समस्याले नेपालको राजनीति दिन प्रतिदिन सङ्कटमा फस्दै गएको छ । संविधान संशोधनमा पनि त्यही विषय गाँसिएको छ । मधेस केन्द्रित दलले उठाएको विषयप्रति औपचारिक रुपमा कोही नकरात्मक छैनन् । तर अहिलेको संशोधन प्रस्ताव हेर्यौं भने तिनै 'हुन्छ, हावस' संस्कृति पुनावृत्ति भएका छन् । यो परिवेशमा जुनसुकै दलको सरकार बने पनि राष्ट्रिय हितमा काम गर्न सक्ने अवस्था छैन ।

राजनीतिमा धेरै विषयहरु अन्तरविरोधी हुनसक्छन् । तर राष्ट्रिय स्वार्थ र राष्ट्रिय हित र अहितका विषय राजनीतिक लेनदेनको विषय बनाउनु हुँदैन । त्यो निरपेक्ष राष्ट्रिय एकता र स्वार्थमा केन्द्रित हुन्छ । कूटनीतिक विषय समेत बन्न सक्तैन । नेपालको माटो हजारौं सहिदको रगतले भिजेको छ । देशभित्रको उत्पीडनको विरुद्ध हजारौं पटक लडौ तर देशको अस्मितामा धक्का लाग्ने काम र छिमेकीलाई चिढ्याउने काम कसैले नगरौं । यही कोणबाट संविधान संशोधनको बहस जारी राखौं । गणितीय सङ्ख्याले संविधान संशोधन र कार्यान्वय दुवै हुन सक्तैन । नेपालीहरुको जनमत र अनुमोदनको सम्मान गरौं । हातमा डाडु, पुन्यु बोकेको छु भन्दैमा सरकार गैरजिम्मेवार होइन मुलुक र जनताप्रति उत्तरदायी बनौं ।

# बगर प्रहरी कार्यालयभित्रको ग्राउण्ड पिच हुने

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १९ मंसिर ।**

वडा प्रहरी कार्यालय वगर हाता भित्र चमेना गृह तथा परिसको ग्राउण्ड पिच गरिने भएको छ। वडा प्रहरी कार्यालय बगर निर्माण तथा मर्मत संभार समितिको पहलमा चमेना गृह र परिसर भित्रको ग्राउण्ड पिच गरिन लागेको हो। चमेना गृह तथा परिस ग्राउण्ड को आईतबार एक कार्यक्रमका बीच समितिका सल्लाहकार क्या.गंगाबहादुर खत्रीले शिलन्यास गरे। वगरमा रहेका सुरक्षाकर्मी र चौकी भित्र रहेका थुनुवालाई स्वस्थ खाना खाजा खुवाउनका लागि चमेना गृह बनाउन लागिएको वडा प्रहरी कार्यालय बगरका प्रमुख प्रहरी निरीक्षक किशोर लम्सालले जानकारी दिए।

चमेना गृहमा खाना र खाजाका अलवा सुरक्षाकर्मीलाई चाहिने दैनिकी सामाग्री पनि राखिने छ। चमेना गृह चौकीकै स्टाफले नै चलाउने उनले जानकारी दिए।

थुनुवालाई वाहिर बाट खाना खाजा ल्याउदा कस्तो ल्याउछन् हामीलाई थाहा नै हुदैन। अझै हामीले टेस्ट गरेर थुनुवालाई पठाउनुपर्दछ उनले भने-यहि चमेना गृह बनेपछि त यहाँ स्टाप तथा थुनुवालाई खाजा खुवाउन पनि सजिलो हुनेछ। उनका अनुसर यो चमेना गृहमा स्वस्थ साथै वाहिर मूल्य भन्दा सस्तोदर कामय गरिनेछ। बगरका नागरिकको सहयोगले विगतका वर्षमा पनि विभिन्न खाले भवन बनेको देखेपछि समिति सगको सल्लाहले यो चमेना गृह र परिसर ग्राउण्डको पिच गर्ने योजना वुनेको उनले बताए।

बगर प्रहरीका प्रमुखको आग्रहमा नै चमेना गृह र परिसर ग्राउण्ड पिच गर्न लागिएको वडा प्रहरी कार्यालय बगर निर्माण तथा मर्मत संभार समितिका अध्यक्ष पुरुषोत्तम श्रेष्ठले जानकारी दिए।

म त यहाँहरुले अध्यक्ष बनाईदिएर एउटा नेतृत्व मात्रै गरेको हु श्रेष्ठले भने-'तपाईहरुको सहयोगले नै अहिले सम्मको कार्य पुरा भएको छ यो अभियानमा पनि अघिल्ला वर्ष झैं सहयोग पाउने विश्वास लिएको छु।' चमेना गृह तथा परिसको ग्राउण्ड पिच गर्न आठ लाख ४९ हजार एक सय ५९ रुपैयाँ लाग्ने अनुमान गरिएको समितिका कोषाध्यक्ष चित्रबहादुर थापाले जानकारी दिए।

कार्यक्रममा बोल्दै प्रमुख अतिथ क्या.गंगाबहादुर खत्रीले आफू पनि फौजीमा काम गरेको बताउँदै फौजीमा आफ्नै चमेना गृह हुनुपर्ने उल्लेख गरे। सामुदायिक सेवा केन्द्र एवम् सामुदायिक प्रहरी सेवा पोखरा-१ बगरकी अध्यक्ष तथा समितिकी सल्लाहकार जीवन अधिकारीले प्रहरी र नागरिक विचको सहकार्यको नविनत उदाहरण रुपमा यो कार्यलाई लिएको बताईन्।

समितिका सल्लाहकार वरुणविक्रम राणाले यहाँ वन्ने सम्पत्ति सबै हाम्रै भएकोले यो अभियानमा सवैले सहयोग गर्नुपर्ने बताए। समाजसेवी दलबहादुर गुरुङले सामाजिक कार्यमा आफ्नौ सधै सहयोग रहने बताए। कार्यक्रममा बमबहादुर गुरुङले १० हजार एक सय ११, त्रिपाठी वद्रर्श एण्ड सन्स पोखरा-१० बाट १० हजार, दलबहादुर गुरुङले १० हजार एक सय, कमलबहादुर थापाले ५ हजार एक सय, सञ्जय अधिकारीले ५ हजार एक सय, क्या.गंगबहादुर खत्रीले ५ हजार ११, एस.एन लेदर स्वीच लामाचौरले ५ हजार पाँच र सामुदायिक सेवा केन्द्र एवं सामुदायिक प्रहरी सेवा पोखरा-१ वगरबाट ५ हजार पाँच रुपैयाँ सहयोग गरेका छन्।

वडा प्रहरी कार्यालय बगर निर्माण तथा मर्मत संभार समितिका अध्यक्ष पुरुषोत्तम श्रेष्ठको अध्यक्षतामा भएको समितिका सदस्य सञ्जय अधिकारीले स्वागत र वडा प्रहरी कार्यालय वगरका प्रमुख प्रहरी निरीक्षक तथा निर्माण समितिका सदस्य सचिव किशोर लम्सालले कार्यक्रम सञ्चालन गरेका थिए।

# न्यायिक बाह्य पहुँच कार्यक्रम धितालमा



**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १९ मंसिर ।**

कास्की जिल्ला अदालतको आयोजनामा कास्की जिल्लाको धिताल गाउँ विकास समितिको कार्यालय प्राङ्गणमा न्यायिक बाह्य पहुँच कार्यक्रम सम्पन्न भयो। कास्की जिल्ला अदालतका जिल्ला न्यायाधीश नागेन्द्रलाल कर्णको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो। कार्यक्रममा सोमनाथ अधिकारी, राजु परियार, झलक बहादुर पौडेल क्षेत्री, पूर्ण प्रसाद गौतम, गोविन्द्र ढुङ्गाना, नन्दलाल ढुङ्गाना लगायतले आफ्ना जिज्ञाशा राखेका थिए। यसरी आएका प्रश्न र जिज्ञाशालाई कास्की जिल्ला अदालतका जिल्ला न्यायाधीश नागेन्द्रलाल कर्ण, स्रेस्तेदार कृष्णप्रसाद नेपाल, जिल्ला न्याधिवक्ता गंगा प्रसाद पौडेल, जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी निरीक्षक गणेश बमले मेटाएका थिए। आफ्नै ठाउँमा आएका जिल्ला न्यायाधीश समक्ष प्रश्न तथा जिज्ञाशा राख्न पाउँदा स्थानीय उत्साहित देखिन्थे।

धिताल गाउँ विकास समितिका सचिव बुद्धिसागर पंगेनीको अध्यक्षतामा भएको कार्यक्रममा कास्की जिल्ला अदालतका तहसिलदार खुमप्रसाद भण्डारी, शाखा अधिकृत दुर्गा बहादुर कार्की, बराह उच्च माविका प्राचार्य रामजी प्रसाद पौडेलले समेत बोलेका थिए। झण्डै तीन घण्टासम्म चलेको कार्यक्रममा सहभागी भई विभिन्न विषयमा जानकारी प्राप्त गर्न पाएकोमा स्थानीय महिला बढि उत्साहित थिए। कार्यक्रममा झण्डै एक सय जना स्थानीयको सहभागिता थियो। कास्की जिल्ला अदालतले परामर्श सेवा, बारबेन्च अन्तर्क्रिया, स्थानीय निकायका सचिव र तामेल्दार बीच अन्तर्क्रिया, सरकारी वकिल र प्रहरीबीच अन्तर्क्रिया, संचारकर्मीसँग अन्तर्क्रिया, सरोकारवाला बीच अन्तर्क्रिया लगायतका कार्यक्रमको आयोजना गरि न्यायमा जनताको सहज पहुँच पुर्‍याउने कार्यलाई निरन्तरता दिँदै आएको स्रेस्तेदार कृष्णप्रसाद नेपालले बताए।

# रामबजार नेवाः मिसाः पुचः टोलीको भ्रमण

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १९ मंसिर ।**



रामबजार नेवाः मिसाः पुचः रामबजार १०, १५ पोखराले संस्थामा आवद्ध नेवाः समाजका सदस्यहरुलाई पर्यटकीय क्षेत्र बन्दीपुरको अवलोकन भ्रमण सम्पन्न गरेको छ। अवलोकन भ्रमण कार्यक्रममा संस्थाका ६० जना सदस्यको सहभागिता रहेको थियो। कार्यक्रममा कवि भानुभक्तले निर्माण गरेको घाँसीकुवाको अवलोकन गर्दै बिहान ११:०० बजे बन्दीपुर पुगेका उक्त टोलीले पर्यटकीय क्षेत्र बन्दीपुरमा रहेको कृषि फर्मको बाख्रापालन, सुन्तला बगैंचा, टुँडिखेल, सहिद स्मारक पार्क, मठमन्दिर लगायत बन्दीपुरको पर्यटकीय बजारको अवलोकन गर्दै नाचगानले मनोरञ्जन गरिएको नेवाःमिसाः पुचःका सदस्य हिराकाजी श्रेष्ठले बताए।

कार्यक्रममा समाजसेवी एवं रामबजार तायाःमचाः नाच समितिका अध्यक्ष सम्मरबहादुर श्रेष्ठले भ्रमण टोलीलाई सफलताको कामना गर्दै यस्ता भ्रमणले सदस्यहरुको क्षमता बृद्धि हुने हुनाले रामबजार क्षेत्रमा रहेका सबै नेवालाई समेटी समाज विकास र सामाजिक भावनाका काममा लाग्नुपर्नेमा जोड दिए। उनले २०७४ मा सम्पन्न गरिने तायाःमचाः नाच महोत्सवलाई सफल बनाउन सबैलाई आग्रह गरेका थिए। कार्यक्रममा तायाःमचाः नाच समितिबट भ्रमण सफलताको लागि उनले १० हजार रुपैयाँ आर्थिक सहयोग प्रदान गरे।

कार्यक्रमलाई रोचकता बनाउन समितिका सल्लाहकार किरण रन्जीतले गीत गाएर मनोरञ्जन प्रदान गरेका थिए। कार्यक्रममा नेवाःमिसाः पुचःका सदस्य एवं कार्यक्रम संयोजक शर्मिला श्रेष्ठ प्रधानाङ्गले स्वागत गर्दै सहयोगी हातहरुलाई धन्यवाद ज्ञापन गरिन्।

अवलोकन भ्रमण तथा रामबजार नेवाःमिसाःपुचः रामबजार १०,१५ का अध्यक्ष संगीता रन्जितको अध्यक्षतामा सम्पन्न अवलोकन भ्रमण कार्यक्रमको संचालन पुचःका सचिव अम्बिका राजभण्डारीले गरेका थिए।

# ड्याम साईड क्लबलाई सहयोग

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १९ मंसिर ।**

ड्याम साईड क्लब पोखरा १७ लाई जापान शाखाले ५० हजार रुपैयाँ हस्तान्तरण गरेको छ। जापान शाखाले नेपाल फेडेरेसन कप जापानमा दोस्रो स्थान गरि प्राप्त पुरस्कार मध्ये ५० हजार ड्याम साईड क्लबलाई प्रदान गरेको हो।

उक्त रकम जापानमा ब्यवसाय गरेर बसेका ड्याम साईड निवासी अमृत गुरुङले आइतबार एक कार्यक्रममा क्लबलाई हस्तान्तरण गर्दै ड्याम साईड क्लबलाई ब्यक्तिगत रूपमा पनि सहयोग गर्ने बताए। कार्यक्रममा क्लबका युएई शाखा संयोजक भुपेन्द्र थापा मगरले युएईमा क्लबले गरेका गतिविधिहरुको बारेमा जानकारी गराएका थिए।

नेपाल आर्मीका क्याप्टेन मोहनचन्द्र गुरुङले बाल्यकालमा फुटबल प्रति को अनुभव बताउँदै त्यस बेला खेलमैदान प्रसस्त थियो, खेलाडी प्रसस्त थिए तर खेल्नका लागि बल एउटा मात्र थियो, तर अहिले खेल मैदानको अभावमा खेलाडीहरु उत्पादनमा समस्या देखिएको बताए। क्लबका अध्यक्ष पदम ढकालको अध्यक्षतामा भएको कार्यक्रमको संचालन सचिव रमेश प्रसाद बरालले र स्वागत सल्लाहकार राजु गुरुङले गरेका थिए।

**पश्चिमाञ्चलकै लोकप्रिय पत्रिका 'गोल्डेन न्यूज राष्ट्रिय दैनिक' खोजी-खोजी पढ्ने गरौं ।**

**आवश्यकता**
**पुरूष कर्मचारी**
संख्या : केही
सम्पर्क
**कोशेली प्रकाशन**
फोन :०६१-५२०६४४
(बिहान ८ बजेदेखि साँझ ५ बजेसम्म)

**खुशीको खबर !**



के तपाईलाई लागोभागो भई छेदभेद गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलाको गउडो पार लगाउने देवी हुनुहुन्छ। साथै ढाड दुखेको, वाथ, शुक्री, बाँझोपन हटाउने, ग्याष्ट्रिक,रक्सी छुटाउने औषधि समेत पाइन्छ। *महिनावारी भएको ७ दिन र जूठो परेको १ वर्षपछिमात्र आउने ।*
अकलादेवी चढेकी अधिकारी (मिरुवाचोक प्रतिक्षालय नजिक)
वडा नं. २ घर नं. २ । सम्पर्क : ९८४६२८५९५९

**सेक्युरिटी गार्डमा वैदेशिक रोजगारमा जानको लागि तालिमको सुवर्ण अवसर**
Abudhadi को Spark middle Cast Star Skill Force, UAE को DPS, कतारको Group-4, बहराईन, मकाउ लगायतका देशहरुमा सेक्युरिटी गार्डमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रियस्तरको Diplomatic सेक्युरिटी गार्ड तालिम, अंग्रेजी भाषा र अन्तरवार्ताको तयारी कक्षाहरु सञ्चालन भइरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गरि आफ्नो सुनौलो भविष्यको सुनिश्चित गर्नुहोला।
हाम्रो विशेषताहरू :
❖१००% उत्तीर्ण गराउन सफल।
❖छोटो समयमा नै ख्याती प्राप्त गुणस्तरीय तालिम।
❖DPS र PSBD का Objective Questions Answer को प्राक्टिकल र मोडल Questions Answer को अध्ययन गराइने।
सम्पर्क
**आर्मोर ग्रुप सेक्यूरिटी सर्भिस एण्ड सप्लायर्स प्रा.लि**
पृथ्वीचोकबाट १०० मि. तल एयरपोर्ट जाने बाटोमा
(मुक्तिनाथ विकास बैंकको ठीक अगाडि, पोखरा इलेक्ट्रोनिक्स भवन -तल्लो तलामा)
फोन नं. ०६१-५३०७२४, मो.९८४६३५५३४२,९८०६७०८२४६

**हार्दिक समवेदना**



जन्मः
वि.स.: २००५/०५/१९

स्वर्गारोहणः
वि.स.:२०७३/०८/०८

**स्व. चन्द्रा कुमारी श्रेष्ठ**

नेपाली कांग्रेसका क्षेत्रीय प्रतिनिधि, पुरन्चौर गाउँ कार्यसमितिका सदस्य महिला नेतृ, निडर प्रष्टवक्ता समाजसेवी, पुरन्चौर-६, चितेपानी निवासी सुश्री चन्द्रा कुमारी श्रेष्ठको ६८ वर्षको उमेरमा असामयिक स्वर्गारोहण भएकोमा हामी मर्माहत भएका छौं। उहाँको निधन भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

खिमलाल बाँस्तोला
सचिव
नेपाली कांग्रेस, क्षेत्र नं. ४, कास्की

शंकर ढुंगाना
जिल्ला सदस्य
नेपाली कांग्रेस, कास्की

**सस्तोमा जहाज टिकट**
सस्तोमा राष्ट्रिय, अन्तर्राष्ट्रिय हवाईजहाज टिकट तथा टुरिष्ट बस टिकट चाहिएमा साथै विदेशमा सामान पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
World Int'l Travels & Tours Pvt. Ltd.
Newroad, Darbarthok Marga, Pokhara-9
Ph: 061-523753, 526409, 9856032747

**विदेश जानेहरूका लागि सुवर्ण अवसर**
Macow, Abudabi को Spark, Middle East, Star र Al Jaber Coin दुवई र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला।
हाम्रा विशेषताहरू :- तयारी कक्षा धमाधम चलिरहेको छ।
❖शतप्रतिशत उत्तीर्ण गराउन सफल ❖आफ्नै मेनपावर कम्पनीबाट प्रोशेस गराईने।
❖१ वर्षमा ३ सय भन्दा बढी सेक्यूरिटी गार्डमा पास गराउन सफल
सम्पर्क | **फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.**
पृथ्वीचोकबाट २०० मिटर तल (स्याङ्जा जाने बाटो)
होटल दिपमाला संगै
फोन:०६१-५५०२५२, मो. ९८४६०४१४९२

**"रंगहरूको अन्तिम गन्तव्य"**
आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल
**योर्स ट्रेड कन्सर्न**
*एशियन पेन्टस्, रोयल ईस्पायराका साथै सिपेजको समस्या सावधान , वाटर प्रुफिङ गरिन्छ।*
फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलरः एशियन पेन्ट
**नेपालमा सर्वाधिक रूचाईएको पेन्ट**

**श्री बास्पानी कृषि सहकारी संस्था लि.,पोखरा-२५,पुम्दीको**
**चौथो बार्षिक साधारणसभा सम्बन्धी सूचना !**

यस संस्थाको मिति २०७३/०८/१८ गते बसेको संचालक समितिको निर्णय बमोजिम **चौथो वार्षिक साधारणसभा** उल्लेखित विषयहरुमा छलफल गर्न निम्न मिति, समय र स्थानको बस्ने हुँदा यस संस्थाका सम्पूर्ण शेयर सदस्यहरुलाई उपस्थितिको लागि अनुरोध गर्दछौं।

**साधारणसभामा छलफलका विषयहरू :**
१) अध्यक्षज्यूद्वारा संचालक समितिकोतर्फबाट प्रस्तुत वार्षिक प्रतिवेदन तथा कार्यक्रम प्रस्तुत गरि पारित गर्ने।
२) कोषध्यक्षज्यूद्वारा आ.व. २०७२/७३ को लेखापरीक्षण सहितको आर्थिक प्रतिवेदन प्रस्तुत गरि पारित गर्ने।
३) आगामी कार्यकालका लागि संचालक समिति गठन गर्ने सम्बन्धमा।
४) आ.व. २०७३/७४ को वार्षिक कार्यक्रम तथा बजेट उपर छलफल गरि पारित गर्ने।
५) आ.व २०७३/७४ को लागि लेखापरीक्षण नियुक्त गरि निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
६) चौथो बार्षिक साधारणसभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न साधारण शेयर सदस्यको तर्फबाट एक र संचालक समितिको तर्फबाट एक जना नियुक्त गर्ने सम्बन्धमा।
७) विविध।

**कार्यक्रम**
**मिति** : २०७३ पुष १५ गते शुक्रबार
**समय** : बिहान ११:०० बजे
**स्थान** : सक्रिय महिला बचत तथा ऋण सहकारी संस्था लि.को सभाहल, पोखरा-२५, कास्की।

संचालक समितिको आज्ञाले
सचिव

**अनेक समस्या सफल उपचार**
**ग्याष्ट्रिक**: खाना रुचि नहुने, अमिलो पानी आउने, झुसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।
**यौन समस्याः-** सिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।
हामीकहाँ पियार एलोभेरा जुस पाइन्छ ।
**महिला सम्वन्धि समस्या**
महिनामारी गडवढी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट ढाड कम्मर दुख्ने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्दतिबाट सफल उपचार ।
**जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने**
**सुन्दरता**:- कालो चायाँ पोतो, डण्डिफोर, दाग धब्बा, मखिया, कोठी, चाउरपिन हटाई पुरै शरिर गोरो बनाउने ।
**दुब्लो पातलो शरिरको तौल बढाउने साथै मोटो पन घटाउने।**
**थप उपचार**:- प्रेसर, सुगर, जण्डिस, पिनास, पाइल्स, दम साथै बाथ, ढाड कम्मर, हाड जोर्नी पुरै शरिर दुःखाई ठिक पार्ने मसाज तेल ।
**शितल आयुर्वेद फर्मा**
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फ्रि होम डेलिभरि
फोन नं.०६१-५३१८६७, ०६-१२२९९९८, मो. ९८४६१३७४१८

**पोखरामा पहिलो पटक**
➲ यौनबर्द्धक : लिङ्गको साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, विश्व विख्यात हर्बल सप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुबैको लागि)
☞ स्तन बढाउन, घटाउन, टाइट गर्न, गुप्ताङ्ग कसिलो बनाउन, पेटको चिरा हटाउन।
☞ केश झर्न रोकी उमार्ने तेल, Hair Building Fibers.
☞ Cuit Face बनाउन रुप अमृत (Inddian), Fair Look
☞ उचाई बढाउन Step Up, Triple Height
☞ तौल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)
☞ थाहै नदिई जाँड रक्सी चुरोट, खैनी, गाँजा तथा ड्रग्स छुटाउन।
☞ ढाँड तथा जोर्नी दुखाई ठिक पार्न, सन्धी सुधा पेनलिल।
साथै टि.भी. तथा पत्रपत्रिकामा विज्ञापनमा देखाइने सम्पूर्ण सामान होलसेल तथा खुद्रा बिक्री गरिन्छ।
❖ अब Facebook मा www.facebook.com/Pokhara Herbal Home
**पोखरा हर्वल होम्स**
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919
फ्रि होम डेलिभरी

# १५औं आहारारा गोल्डकपको मिति घोषणा

गोल्डेन न्यूज संवाददाता
पोखरा १९ मंसिर ।



पोखराको सहारा क्लवद्वारा संचालित पश्चिमाञ्चलको प्रतिष्ठित १५औं आहारारा गोल्डकप फुटवल प्रतियोगिता आगामी माघ ४ गतेदेखि हुने भएको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आमन्त्रित १५औं आहारारा गोल्ड कप फुटवल प्रतियोगिता-२०७३ माघ १५ गतेसम्म पोखरा रंङ्गशालामा संचालन हुने भएको आइतबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको छ । क्लवले अखिल नेपाल फुटवल संघ (एन्फा) संग समय तालिका मागे अनुसार उनीहरुले उक्त समय दिएको सहारा क्लवका अध्यक्ष वीरभद्र आचार्यले जानकारी दिए ।

यसबर्ष पनि राष्ट्रिय स्तरका उत्कृष्ट ५ क्लव, ३ विदेशी, ३ विभागीय र आयोजक एक टिम सहित १२ टिमको सहभागिता हुने भएको अध्यक्ष आचार्यले बताए । प्रतियोगितामा विजेताले ५ लाख एक हजार, उपविजेताले २ लाख ५१ हजार साथमा ट्रफी मेडल प्रमाणपत्र प्राप्त गर्ने भएका छन भने उत्कृष्ट खेलाडीलाई एक थान मोटरसाईकल प्रदान गरिने भएको छ। अध्यक्ष आचार्यले भने-'खेलकूदको विकासमा सहकार्य गरौं पोखरालाई खेलकुद पर्यटन शहरको रुपमा स्थापित गरौं भन्ने साविकको नारा अनुरुप प्राप्त समय तालिका अनुसार नै हामीहरुले उक्त प्रतियोगिताको आयोजना गर्न तयारी सुरु गरिसकेका छौं।' १३औं सागका केही खेल जसमध्ये फुटवल खेल पोखरा हुनुपर्ने सहारा क्लवले जोडदार माग राख्दै आएको छ ।

प्रतियोगिताको उद्देश्य पर्यटकीय शहर पोखरालाई स्पोर्ट हब सिटीको रुपमा परिचित गराउँदै नवप्रतिभावान फुटबल खेलाडीहरुलाई आफ्नो खेल कौशल प्रर्दशन गर्ने उचित अवसर प्रदान गर्दै वचत भएको रकम सहारा एकेडेमीमा खर्चिने भएको बरिष्ठ उपाध्यक्ष एवं प्रतियोगिताका संयोजक केशवबहादुर थापाले बताए । हाल तेस्रो ब्याचको एकेडेमीमा १६ जिल्लाका २८ जना बालकहरु रहेका छन् । सहारा क्लवका सल्लाहकार एवं एनआरएन युकेका अध्यक्ष मुछेत्र गुरुङले सहाराले विशुद्ध सामाजिक कामको साथमा फुटवल प्रतियोगिता आयोजना भएकोले विदेशबाट समेतसहयोग जुट्दै आएको बताउँदै यस बर्ष पनि विदेशबाट सहयोग प्राप्त हुने विश्वास व्यक्त गरे।

सहारा हङकङका अध्यक्ष दिपक गुरुङले यस बर्ष पनि भाग्यशाली एक जना दर्शकलाई एक तोलाको औंठी उपहार दिने घोषणा गरे ।

जिल्ला खेलकुद विकास समितिका अध्यक्ष यमबहादुर गुरुङले आहारारा गोल्ड कप सफल पार्न आफ्नो क्षेत्रबाट पूर्ण सहयोग गर्ने वचन दिए। मुख्य प्रायोजक हिमश्री फुड्सका निर्देशक प्रकाश केसीले सहाराको राम्रा कामको मुल्याङकन गरी निरन्तर रुपमा प्रायोजना गर्दै आएको बताए । उनले भने-'यहाँ उद्योग धन्दा संचालन गर्ने वातावरण छैन, यदी हामीलाई यहाँ उद्योग संचालन गर्ने वातावरण दिनुहोस हामी यहाँका युवालाई रोजगार दिन्छौं ।' उक्त अवसरमा सहाराका उत्पादन शुशिल लामा र लक्ष्मण जिसीलाई फूलमाला लगाएर सम्मान गरिएको थियो ।

प्रतियोगिता संचालन गर्न ८३ लाख ९२ हजार ३ सय रुपैयाँ लाग्ने अनुमान गरिएको छ भने प्रतियोगिताको आम्दानी एक करोड ७ लाख ८२ हजार रुपैयाँ हुने अनुमान गरिएको क्लवका महासचिव बरालले बताए ।

हिमश्री फुड्स प्रा.लि.को उत्पादन आहा तथा रारा चाउचाउ प्रतियोगिताको मुख्य प्रायोजन रहेको छ । माइक्रो म्याक्स मोवाइल उप-प्रयोजक रहेको प्रतियोगिताको संयोजन पोखरा उप-महानगरपालिकाले गर्नेछ ।

# सेदी हाईटमा सुविधासम्पन्न रिसोर्ट

गोल्डेन न्यूज संवाददाता
पोखरा १९ मंसिर ।



पोखराको सेदी हाईटमा सुविधा सम्पन्न रिसोर्ट सञ्चालनमा आउने भएको छ । पोखरा २६ सेदी हाईटमा झण्डै ३५ करोड लागतको ईन्फिनिटि रिसोर्ट सञ्चालनमा आउन लागेको हो । रिसोर्टको मंसिर २२ गते नयाँ शक्ति पार्टीका संयोजक एवं पूर्व प्रधानमन्त्री डा. बाबुराम भट्टराईले उद्घाटन गर्ने कार्यक्रम छ । रिसोर्टमा २२ वटा डिलक्स र दुई स्विटसहित २४ रुम छन् । होटलका अधिकांश कोठाबाट फेवातालको दृश्य देख्न सकिन्छ । रिसोर्टमा झण्डै ६० जना क्षमताको सेमिनार हल र रेष्टुरेन्ट छ । रिसोर्ट हातामै झण्डै दुई सय जनाका लागि आउटडोर सेवा दिन सकिने सञ्चालक विनोद तिमिल्सिनाले जानकारी दिए ।

१२ रोपनी क्षेत्रफलमा फैलिएको रिसोर्टमा स्विमिङ पुल र पार्किङको पनि सुबिधा छ । रिसोर्टबाट फेवाताल सहित , विश्वशान्ति स्तुपा, सराङकोटको दृश्य देख्न सकिन्छ । रिसोर्टको डिलक्स रुमलाई ७५ डलर अर्थात् ७ हजार पाँच सय र स्विट रुमलाई १५० डलर अर्थात् नेपाली १० हजार पाँच सय रुपैयाँ शुल्क निर्धारण गरिएको छ । रिसोर्ट उद्घाटनको अबसरमा एक महिनासम्मका लागि रुम शुल्कमा ५० प्रतिशत छुट दिइने तिमिल्सिनाले बताए । उनका अनुसार नेपालीका लागि तोकिएको शुल्कमा ३५ प्रतिशत छुट दिइनेछ ।

दुई बर्ष लगाएर रिसोर्ट निर्माण सम्पन्न भएको हो । रिसोर्टमा २० जनाले प्रत्यक्ष रोजगारी पाएका छन्। सञ्चालकका अनुसार भविश्यमा वाल उद्यान, वालमैत्री पौडी पोखरी, थप सुविधायुक्त भिल्लाहरु सहित खेल मैदान, स्पा, योग केन्द्र लगायतका सुविधा थप गर्ने योजना छ । स्वच्छ, शान्त वातावरणमा स्वदेशी तथा विदेशी पर्यटकलाई स्तरीय सेवा प्रदान गर्ने उद्देश्यले रिसोर्ट सञ्चालनमा ल्याएको तिमिल्सिनाले बताए ।

जगारीको क्रममा सन् २००५ देखि २००८ सम्म ओमनमा रिसोर्ट म्यानेजरको रुपमा कार्यरत तिमिल्सिनाले १० बर्ष अघि देखिको योजना अनुसार रिसोर्ट निर्माण गरेको बताए ।

सानै उमेरमा पर्यटक गाईडको रुपमा काम गरेका स्थानिय ३० बर्षीय तिमिल्सिना १६ बर्षको उमेरमै भारतको गोवामा काम गरेपछि रोजगारीको लागि ओमन पुगेका थिए ।

विदेशमा प्राप्त ज्ञानको आधारमा आफ्नै जन्मस्थलमा रिसोर्ट संचालन गरेको उनले बताए ।

# सशस्त्र प्रहरीको टोलीद्वारा फेवातालमा रेकी

गोल्डेन न्यूज संवाददाता
पोखरा १९ मंसिर ।

सशस्त्र प्रहरी बल, मुक्तिनाथ बाहिनीका सहायक बाहिनीपति एसएसपी कृष्णभक्त बर्माचार्य सहितको एक टोलीले पोखराको फेवातालमा रेकि गरेको छ ।

सशस्त्र प्रहरीको रेस्क्यु बोट मार्फत तालबाराही घाटदेखि फेवातालको विभिन्न किनार र डुँगा घाटहरुमा रेकि गरिएको हो । खासगरि यतिबेला पोखरामा आन्तरिक तथा वाह्य पर्यटकको समेत बढेको र फेवाताल घुम्न जानेहरुको संख्या पनि बढिनै भएकाले फेवातालमा रेकि शुरु गरिएको बर्माचार्यले बताए ।

'शैक्षिक भ्रमणका लागि बाहिरी जिल्लाहरुबाट थुप्रै विद्यार्थीहरु पोखरा घुम्न आएका छन्, यो बेला फेवातालमा हुन सक्ने सम्भाव्य दुर्घटनाको अध्यायन तथा अवलोकनका लागि पनि रेकि गरिएको हो'-उनले भने ।

आवश्यकता अनुसार कार्यक्रमलाई अगाडि बढाइने उनले बताए । रेकिका क्रममा फेवातालमा डुँगा सयर गर्दै गरेकाहरुले लाइफ ज्याकेट नलगाई बोटिङ्ग गरेको भेटिएको उनले जानकारी दिए । 'डुँगा घाटबाट त लाइफ ज्याकेट लैजाँदा रहेछन्, तर तालको विचमा पुगेपछि खोल्ने प्रवृत्ति देखियो'-उनले भने ।

सशस्त्र प्रहरीले सरोकारवाला निकायहरुसंगको सहकार्यमा बाराही घाटमा रेस्क्यु टावर निर्माण गरेपछि केहिवर्ष यता फेवामा हुने दुर्घटनामा परि ज्यान गुमाउनेको संख्या घटेको छ । फेवातालमा प्याराग्लाइडिङ्ग तथा डुँगा दुर्घटनामा परि सयौंले ज्यान गुमाइसकेका छन् । गत चैत्र महिनामा नेपाल हवाई खेलकुद संस्थाले आयोजना गरेको प्रि-वर्ल्डकप प्याराग्लाइडिङ्ग प्रतियोतिगतामा हावाहुरीका कारण अनियन्त्रित भई फेवातालमा खसेका ५ जनालाई सशस्त्र प्रहरीले तत्काल उद्धार गरेको थियो । त्यस्तै ०७१ कै असोजमा हेम्जाकी सुनिता थापाले उडाएको प्याराग्लाइडिङ्ग तालमा खसेपछि सशस्त्र प्रहरीले उनको पनि तत्कालै उद्धार गरेको थियो। सशस्त्र प्रहरीले फेवातालमा भएका दजर्न बढि घटना परेकाहरुलाई जीवितै उद्धार गरिसकेको छ ।

'माथि टावरबाट दुरविन मार्फत तालमा हेर्छौं, कहिं केही घटना भएजस्तो देखिए तत्काल रेक्क्यु बोट मार्फत त्यहाँ पुग्छौं र उद्धार गर्छौं'-बर्माचार्यले भने ।

# अपरमादी छिट्टै

पोखरा १९ मंसिर ।

कास्कीको सिल्दुजुरे गाविसमा निर्माण भएको २५ मेगावाट क्षमताको अपरमादी जलविद्युत आयोजनाको निर्माणकार्य पूरा भएको छ । निर्माणको काम पूरा भएसँगै उपकरण परीक्षणको काम पनि सकिएको अपरमानी जलविद्युत आयोजनाका निर्देशक विजयबाबु मल्लले जानकारी दिए । दुई सातासम्म गरिएको परीक्षणमा खराबी नदेखिएको उनले जानकारी दिए । परीक्षण उत्पादन गर्न लागेको आयोजनाले एक महिनाभित्र पूर्ण क्षमतामा व्यावसायिक विद्युत् उत्पादन गर्ने उनको भनाई छ ।

आयोजनाले १० किलोमिटर टाढाको लेखनाथस्थित विद्युत् प्राधिकरणको सवस्टेसनबाट १३२ केभी प्रसारण लाइनमार्फत विद्युतगृहमा पुऱ्याई चार्जिङ गरिरहेको छ । चार हजार दुई सय मिटर लामो सुरुङमा मादी खोलाको पानी ल्याएर १ सय १६ मिटर पेनस्टक पाइपमार्फत बिजुली उत्पादन गर्न लागिएको उनले जानकारी दिए । विद्युतगृहमा साढे १२ मेगावाट क्षमताका २ वटा फ्रान्सिस टर्वाइन जडान गरिएको छ । आयोजना गत अप्रिलमा सकिनुपर्ने भए पनि भूकम्प, नाकाबन्दी र मादीमा आएको बाढी तथा पहिरोले काममा ढिलाइ भएको उनले बताए । लागत समेत बढेको उनको भनाई थियो । सुरुमा ५ अर्ब ८० करोड रुपैयाँ लागत लाग्ने भनिएकोमा बढेर झण्डै ७ अर्ब रुपैयाँ पुगेको आयोजनाका निर्देशक मल्लले बताए ।

मादी पावर प्रालिअन्तर्गतको आयोजनामा मल्लको २० प्रतिशत र चीनको चाइना थ्री गर्जेज कर्पोरेसनसँग आबद्ध चाइना इन्टरनेसनल वाटर एन्ड इलेक्ट्रिक कर्पोरेसन (सीडब्लूई) को ८० प्रतिशत लगानी छ । आयोजना २०६९ पुस १३ बाट चिनियाँ ठेकदार कम्पनी सिनो हाइड्रोले निर्माण सुरु गरेको थियो ।

# बगर भाइखलक भेट्रान फुटवललाई सहयोग

गोल्डेन न्यूज संवाददाता
पोखरा १९ मंसिर ।

एसओएस बगर भाइखलक भेट्रान फुटवल प्रतियोगिताको तयारी तीब्र पारिएको छ । तयारी संगै प्रतियोगितालाई सहयोग आउने क्रम समेत जारी रहेको बताइन्छ । प्रतियोगितालाई हङकङबाट सुरज गुरुङ (मिकी) बाट प्रथम पुरस्कार प्रायोजन गर्नका लागि ७५ हजार रुपैयाँ सहयोग प्राप्त भएको बगर भाइखलकका अध्यक्ष दिल बहादुर गुरुङले गोल्डेन न्यूज दैनिकलाई जानकारी दिए । उनका अनुसार द्वितीय पुरस्कारका लागि जापानबाट सौगात, प्रकाश, श्री गुरुङ लगायतले ५० हजार रुपैयाँ सहयोग गरेका छन । त्यसैगरी लेखनाथ-२ रिट्ठेपानीका बुद्ध गुरुङले पनि २५ हजार रुपैयाँ सहयोग गरेको अध्यक्ष गुरुङले बताए ।

यसैगरी पोर्चुगलका कमल गुरुङले एक सय रुपैयाँ युरो, पोर्चुगलबाटै सन्तोष गुरुङले १० हजार, हङकङबाट दिनेश शेरचन (डिसी) ले ५ हजार, नारायण सिंङ थापाले १० हजार, वसन्त गौचन, रमेश गुरुङ र बिनोद गुरुङले जनही ५/५ हजार रुपैयाँ प्रतियोगिताका लागि सहयोग गरेको उनले बताए ।

प्रतियोगिताको आर्थिक संकलन संयोजकमा ईश्वर गुरुङ रहेका छन् भने उपसमितिमा धनकुमार गुरुङ (सन्तोष), (चक्र प्रसाद) खगेन्द्र गौचन, गणेश थापा, राजेश गुरुङ र जोन गुरुङ रहेका छन ।

आर्थिक संकलन उप-समितिले आर्थिक संकलनलाई तीव्र रुपमा अगाडि बढाएको प्रतियोगिता संयोजक दिलबहादुर गुरुङले बताए । प्रतियोगितामा बगर भाइखलक युकेले सह-प्रायोजक गरी विशेष सहयोग गर्ने भएको छ । प्रतियोगितामा युके निवासी कमल गुरुङ, भानु गुरुङ (थकाली), चन्द्रमान गुरुङले पनि विशेष सहयोग प्रदान गर्ने भएका छन् ।

यसैबीच प्रतियोगिताको अवसरमा फुटवलमा योगदान दिएवापत पूर्व खेलाडी सम्मान समिति समेत गठन गरिएको छ । दिनेश श्रेष्ठको संयोजकत्वका गठित समितिमा पूर्व राष्ट्रिय खेलकुद परिषद सदस्य जयराम हमाल, कास्की जिल्ला खेलकुद बिकास समिति अध्यक्ष याम गुरुङ, तेक्वान्दो संघ नेपालका केन्द्रीय सल्लाहकार मदन केसी सदस्य रहेका छन् । वि.सं. २०६८ देखि पूर्व खेलाडीलाई सम्मान सुरु गरेको बगर भाइखलकले २०६८ मा स्व. सुकबहादुर गुरुङ र मोतीमान शाक्य, ०६९ मा स्व. शिव शंकर रन्जित, ०७० मा (आनन्द) रन्जित, ०७१ मा शम्भु कार्की र ०७२ मा इन्द्र गौचनलाई सम्मान गरिसकेको छ । प्रतियोगिता पुष ६ गते देखि पुष ९ गते सम्म पोखरा १ बगर स्थित पुरानो टुँडिखेलमा हुनेछ ।

# स्वरोजगार निर्माण व्यवसायी समितिमा सिके

गोल्डेन न्यूज संवाददाता
पोखरा १९ मंसिर ।

स्वरोजगार निर्माण व्यवसायी समितिको तेस्रो साधारणसभा तथा दोस्रो अधिवेशनबाट पुन रमेश सिके अध्यक्षमा नयाँ समिति चयन भएको छ । समितिको उपाध्यक्षमा दलबहादुर राई, सचिवमा बिजु थापामगर, सहसचिव चुमबहादुर सिके र कोषाध्यक्षमा मानबहादुर लामा छन्। यस्तै, सदस्यमा सूर्यमान तामाङ, रामबहादुर विक, पूर्ण बुढामगर, प्रसाद बुढामगर, हरिबहादुर सार्की र डिलबहादुर गुरुङ छन्। समितिको सल्लाहकारमा भक्तबहादुर तामाङ, नारायणप्रसाद ढकाल र रामबहादुर राई (मिलन) चयन भएका छन्।

यसअघि, साधारणसभालाई सम्बोधन गर्दै पोखरा उप-महानगरपालिकाका कार्यकारी अधिकृत नवराज ढुंगानाले निर्माण व्यवसायीहरु व्यवस्थित, एकीकृत र सशक्त हुँदा नै सुरक्षित र उचित सहर बनाउन सहयोग पुग्ने बताए।

उनले निर्माण व्यवसायीको सरोकारका विषयलाई सम्बोधन गरी सुरक्षित संरचना निर्माणमा नगरपालिका प्रतिवद्ध रहेको समेत उल्लेख गरे।

अखिल नेपाल ट्रेड युनियन महासंघका केन्द्रीय सचिव राजेन्द्र न्यौपानेले वास्तविक मजदूरका समस्या समाधान नभएसम्म देश सम्वृद्धिको मार्गमा अगाडि बढ्न नसक्ने बताए। कार्यक्रममा पोखरा निर्माण व्यवसायी समितिका सचिव नवराज बस्नेत, श्रम निर्माण व्यवसायी समितिका अध्यक्ष गुञ्जलाल श्रेष्ठ, गण्डकी निर्माण समन्वय समितिका अध्यक्ष रामजी सिके, समितिका सदस्य सूर्यमान तामाङलगायतले बोलेका थिए।

समितिका अध्यक्ष रमेश सिकेको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत उपाध्यक्ष दलबहादुर राई र सञ्चालन सचिव बिजु थापाले गरेका थिए। कार्यक्रममा ज्येष्ठ निर्माण व्यवसायी भक्तबहादुर तामाङलाई सम्मान गरिएको थियो भने निर्माण मजदूर स्वर्गीय दलजित रोक्कामगरकी श्रीमतीलाई पाँच लाख २५ हजार क्षतिपूर्ति प्रदान गरिएको थियो।

# मार्फाको...

*रहेको मार्फाका बासिन्दा हिउँदमा तल झर्छन् । तेरेमी पर्व यस्तो समयमा पर्छ, जति बेला सबै घर फर्किइसकेका हुन्छन् । 'पहिला-पहिला यो पर्वमा नपुग्ने व्यक्ति तलतिरै बितेछ भन्ने ठानिन्थ्यो,' लालचनले भने-'त्यही कारण पनि सबै अनिवार्य फर्कन्थे । चाड धुमधाम हुन्थ्यो ।' दुश्मनसँग लड्न परापूर्वमा प्रयोग गरिएको तीरलाई मार्फाली थकालीले भने सांस्कृतिक सम्बन्ध सुमधुर बनाउन उपयोग गर्दै आएका छन् । 'मिल्नेसँग रमाऊ, परिआए आफूलाई बचाऊ भनेर यो खेल सुरु गरिएको हुन सक्छ,' पुष्टि नभए पनि विगतबारे पुस्तक लेखक हिराचन अनुमान गर्छन्-'त्यो नै हाम्रो अभिन्न संस्कृति बनेको छ ।'*

*मार्फाबाट पोखरा बसाइँ सरेका कमल हिराचनका अनुसार तारा खेलिने तेरेमी पर्वमा सहभागी भएकालाई दुई भागमा बाँडिन्छ । एउटालाई 'फो' (भाले) र अर्कालाई 'म्हो' (पोथी) नामकरण गरिन्छ । तर, परम्परादेखि नै तीर खेल्ने स्थलमा महिलालाई प्रवेश दिइँदैन । 'तारा खेल मार्फाली थकालीको परापूर्वदेखिको साथी जत्तिकै हो,' ९५ वर्षीय कृष्ण हिराचन भन्छन्, 'हाम्रा पालामा यो जति उमंगसाथ खेलिन्थ्यो, त्यो अझै घटेको छैन ।'*

*'तारा खेल्ने स्थलसम्म महिला बिदाइ र स्वागत गर्न पुग्छन्,' पोखरामा यो खेल संयोजन गरिरहेका गोविन्द हिराचन भन्छन्, 'त्यस क्रममा बाटामा गीत गाउँदै, दोहोरी खेल्दै जान्छन् ।' विशेषगरी यही चाड मनाउन मार्फा थकालीले गाउँमा साझा घर बनाएका छन् । त्यसैमा ६ दिन भोज चल्छ । 'यो पर्व मेलमिलाप र एकताको प्रतीक पनि हो,' उनले भने ।*

*मार्फा थकालीको अर्को सांस्कृतिक दिन छ- 'ल्हपसाङ' अर्थात् पूर्णिमा पूजा । आ-आफ्नो अनुकूलताअनुसार कुनै न कुनै पूर्णिमामा उनीहरू विशेष पूजा गर्छन् । त्यसमा पनि धनु र बाँणको प्रयोग गरिन्छ । तेरेमी पर्व मनाउन भने घर-घरबाट पाथी-पाथी अन्न उठाएर जाँड बनाइन्छ । भेडा किनिन्छ, काटिन्छ । सामूहिक भोज गरिन्छ । ६ दिनसम्म तारा खेल्ने प्रतियोगितामा उत्कृष्ट हुनेलाई गाउँको गच्छेअनुसार पुरस्कार दिइन्छ । पोखरामा ६ दिनै चल्ने प्रतियोगिताको पुरस्कारका लागि भने अध्यक्ष लालचनले यसपालि देखि आफ्ना बुवा अमरसिंहको स्मृतिमा कोष निर्माण गरेका छन् । यसको रनिङ सिल्ड जित्नेले २ लाख रुपैयाँ पाउँछ ।*

*प्रथम स्थान ल्याउने टिमलाई ७६ हजार रुपैयाँ पुरस्कार दिइनेछ । अन्य धेरै पुरस्कार छन् ।*

*पोखरामा २०२९ मा मार्फा थकाली समाज सेवा सदन दर्ता भएसँगै उनीहरू तारा खेल संरक्षणमा लागेका हुन् । 'त्यस बेला ठाउँ नहुँदा खेत-खेतमा समेत खेलाइयो,' लालचनले भने,-'अब भने व्यवस्थित भएको छ । संस्कृति नमरोस्, भाइपुस्तासम्म बाँचिरहोस् भन्ने हाम्रो चासो हो ।'*

**अखण्ड भण्डारी/भीम घिमिरे**
**कान्तिपुर अनलाइन**

# आइस रिङ्कका लागि नक्सा तयार गरिने

गोल्डेन न्यूज संवाददाता
पोखरा १९ मंसिर ।

नेपाल आइस हक्की सङ्घले खेलको विकास गर्न पोखरा स्पोर्टस कम्प्लेक्समा आइस रिङ्क स्थापनका लागि नक्सा तयार गर्ने निर्णय गरेको छ । नेपाल आईस हक्की संघको दोश्रो बार्षिक साधारण सभाले अध्यक्ष लोकबहादुर शाहीद्वारा प्रस्तुत प्रतिवेदनलाई पास गर्दै सो निर्णय गरेको हो । काठमाडौंको त्रिपुरेश्वरस्थित वर्ल्ड ट्रेड सेन्टरमा राष्ट्रिय खेलकुद परिषदका कोषाध्यक्ष एवं ओलम्पियन सुरेन्द्र हमालले शनिबार एक कार्यक्रम बीच साधारणसभाको उद्घाटन गरेका हुन् । प्रतिवेदनमा संघले अघिल्लो निर्वाचन पश्चात भए गरेका गतिविधिहरुलाई समेट्दै आगामी दिनमा गर्नुपर्ने कार्यहरुको योजनासहित प्रस्तुत गरिएको थियो । हालसम्म संघले नेपालमा आईस हक्की खेलको सम्भावनाको अध्ययन गर्दै आईस रिंक स्थापनका लागि प्रारम्भिक चरणको अध्ययन गरेको बताएको छ ।

रिङ्क स्थापनाका लागि संघको विशेष निमन्त्रणामा अन्तर्राष्ट्रिय आईस हक्की महासंघका कोषाध्यक्ष तथा फ्रान्स आईस हक्की संघका अध्यक्ष श्रीलुक टार्फिकलाई नेपाल बोलाई आईस हक्की रिंक स्थापनका लागि विभिन्न स्थानको भ्रमण गराइएको, र त्यसका लागि युवा तथा खेलकुद मन्त्रालय र राष्ट्रिय खेलकुद परिषद्संग पहल भईरहेको संघले जनाएको छ ।

संघले जुनियर खेलाडीहरुलाई आईस हक्कीको प्रारम्भिक प्रशिक्षण दिन तथा केही खेलहरुको अवलोकनका लागि मित्र राष्ट्र फ्रान्सको आईस हक्की संघको पहलमा २०१७ मे मा भ्रमण गराउने बताएको छ ।

पोखरा स्पोर्टस कम्प्लेक्समा आईस रिंक स्थापनका लागि नक्सा तयार गर्ने एवं प्राविधिक जनशक्ति निर्माणका लागि २०१७ जुलाईमा फिनल्याण्डमा एक टोली पठाउने समेत संघले निर्णय गरेको छ ।

साधारणसभावाट संघले राष्ट्रिय, अन्तर्राष्ट्रिय संघ संस्था तथा निजी क्षेत्रलाई आईस हक्की रिंक निर्माणमा प्रोत्साहन गर्ने कार्यक्रम ल्याउने एवं खेलाडीहरुलाई बैदेशिक प्रशिक्षणमा लैजाने जस्ता कार्यक्रमलाई पारित गरेको छ। साधारणसभामा केन्द्रीय पदाधिकारीका साथै विभिन्न जिल्लाका प्रतिनिधीहरुको सहभागिता रहेको संघले जनाएको छ ।

Study in Japan
Czech Republic
USA, Australia. Norway
❖ 100% Visa on previous session, Gap Acceptable & NAT/JLPT not required in **JAPAN** .
❖ SLC passed can apply .
April Intake
❖ Almost all intake **czech Republic** .
❖ Free Education in **Norway** & **Finland** .
❖ Help to make all kind of documentation for any Countries .
**Now Running** **IELTS, JLPT Classess**
**ROMAN EMPIRE**
Education Foundation
Siddhartha Chowk-4, Chipledhunga, Pokhara (Opp .Rupakot Complex)
Tel .:061-531538, 9846449344, 9803652132

**के तपाईमा यौनसम्बन्धी समस्या छ ?**
**पुरूषमा देखिने** : शीघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, उत्तेजना नहुने, पुरुष यौनाङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष ।
**महिलाहरूमा देखिने** : स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, महिलाको यौनाङ्ग चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, यौन सन्तुष्टिमा कमी हुने, महिनावारीमा गढबढी हुने आदि ।
**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डिफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरू, दुवी, सेतो दुवीका साथै अन्य चर्मरोगहरू ।
**महिला वा पुरूषमा हुने (बाँझोपन) नि:सन्तानको सफल उपचार**
**मलद्वार सम्बन्धी रोग** : पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दु:ख्ने, पोल्ने, दिसासंग रगत बग्ने आदि समस्याको सफल उपचार ।
बिरामी जाँच्ने समय : बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.**
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मागदर्शन एकेडेमीको ठीक अगाडि
फोन: ०६१-५३९१९४, ९८४६०४११३१, ९८०४१७२५३१
नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला ।

सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष/प्रधान सम्पादक गंगाधर पराजुली, निर्देशक हरिमणि बराल, संस्थापक सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा